अख्तियार बुलेटिन

वर्ष १५, अंक १, २०७६ श्रावण – कार्तिक



अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

टंगाल काठमाण्डौ ।

सम्पादकीय

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने संवैधानिक जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हो । राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सहज एवं सरल पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्यकासाथ आफ्नो संवैधानिक जिम्मेवारी निभाउन आयोग सदैव कटिबद्ध रहेको छ ।

आयोगको २९ बर्षको ईतिहासमा गत आर्थिक वर्ष २०७५/७६ मा सबै भन्दा बढी मुद्दा दायर गरियो ।उक्त आ.व. मा आयोगले विशेष अदालतमा दायर गरेका ३५१ वटा मुद्दामा ८९४ जनालाई प्रतिवादी बनाई रू. ४,०५,३७,६३,८८८/६५ बिगो मागदाबी गरेको छ । आयोग स्थापना भएदेखि हासम्मको अवधिमा आयोगले जम्मा २,४३७ वटा मुद्दा अदालतमा दायर गरेको अभिलेख देखिएबाट आयोगले प्रतिवर्ष औषत ८४ वटा मुद्दा अदालतमा दायर गरेको देखिन्छ । यस हिसावले गत आ.व. को मुद्दा दायरीको संख्या औषतको चार गुणा भन्दा बढी हो ।

चालु आ.व. २०७६/७७ को प्रथम चौमासिक अवधिमा समेत आयोगले विशेष अदालतमा जम्मा २३८ वटा मुद्दा दायर गरी ३१७ जना प्रतिवादीलाई विपक्षी बनाएको छ । यस अवधिमा आयोगले ७० वटा रंगेहात कारवाही गरी ११८ जनालाई नियन्त्रणमा लिएको छ ।गत आ.व. को र यस आ.व. को प्रथम चौमासिकको तथ्याङ्कले आयोगको क्रियाशिलता र सक्रियता बढेको देख्न सकिन्छ ।

आयोगले भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरु समेत अवलम्बन गर्दै आएको छ । आयोगले भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक प्रदेशका दुई/दुई वटा गरी १४ जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन मा सहजीकरण गरी भ्रष्टाचार विरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउन शुरु गरेको छ । साथै आयोगले सार्वजनिक खरिद नियमावली लगायत कानूनलाई सुशासनमैत्री बनाउन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन र भ्रष्टाचार नियन्त्रणका लागि नेपाल सरकारलाई विभिन्न सुझाव र सिफारिसहरु समेत दिदै आएको छ ।

आयोगले यस अवधिमा नेपाल सरकारका मुख्यसचिव, सचिव लगायत विशिष्ट श्रेणीका अधिकारीहरु, आयोजना प्रमुखहरु, विभिन्न क्षेत्रका विद्वतबर्ग एवं संचारमाध्यमका प्रधान/सम्पादकहरु लगायत नागरिक समाजका अगुवाहरुलाई बोलाई निरन्तर छलफल गर्दै आएको छ । आयोगले उजुरीको संख्या धेरै भएका स्थानीयस्तरमा स्थानीय तहका प्रमुखहरु एवं स्थानीय कार्यालयका प्रमुखहरुसंग छलफल अन्तर्क्रिया गर्दै भ्रष्टाचार नियन्त्रण, विधिको शासन तथा सुशासन प्रवर्द्धनका लागि अभिमुखीकरण समेत गर्दै आएको छ । यसका अलवा आयोगले सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरुवीच भ्रष्टाचारविरुद्ध

जनचेतना फैलाउने उद्देश्यले सामुदायिक शिक्षाका कार्यक्रमहरु समेत संचालन गरी समुदायस्तरमा नै भ्रष्टाचार विरोधी जनमत बनाउन समेत योगदान गर्दै आएको छ ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापना का लागि संघीयता र समग्र शासन प्रणाली संस्थागत गर्ने कार्य एवं समृद्ध नेपाल, सुखी नेपालीको अभियान सफल बनाउने कार्यमा महत्वपूर्ण योगदान पुग्ने विश्वास आयोगको रहेको छ। सबै सरोकारवालाहरूको साथ र सहयोगले मात्र भ्रष्टाचारविरुद्ध निर्मम प्रहार गरी सुशासन स्थापना गर्न सम्भव छ । यस सन्दर्भमा आयोगले गर्दै आएका कार्यक्रमहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनुहुने सबैप्रति हार्दिक आभार सहित धन्यवाद अर्पण गर्दछौ । आफ्नो नजिक भएका भ्रष्टाचारजन्य घटना वा आफुले थाह पाएका भ्रष्टाचारका सूचनाहरु आफुलाई पायक पर्ने आयोगका कार्यालयहरुमा दिएर असल नागरिकको कर्तव्य निर्वाह गर्न हामी सबैमा अपील गर्दछौ ।

यस अंकमा

- आयोगको संस्थागत रणनीति तयार गर्ने विषयमा छलफल
  - प्रधान सम्पादक र सम्पादकहरु समक्ष
  - विद्वत वर्गहरु समक्ष
- रुग्ण आयोजना ठेक्का व्यवस्थापनको अवस्था सम्बन्धमा छलफल
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अघिल्लो आ.व.को समीक्षासहितको वार्षिक छलफल कार्यक्रम
- रङ्गेहात कारबाही तथा मुद्दा दायर विवरण
  - २०७६ श्रावण देखि कार्तिक सम्म रङ्गेहात पक्राउ पर्नेहरुको विवरण
  - २०७६ श्रावण देखि कार्तिक सम्म दायर मुद्दाहरुको विवरण
- अन्तरक्रिया कार्यक्रमहरु
  - अख्तियारको कार्यालय, हेटौंडा- मकवानपूर, धादिङ्ग, दोलखा र रामेछाप
  - अख्तियारको कार्यालय, पोखरा- स्याङ्जा, गोरखा र तनहूँ
  - अख्तियारको कार्यालय, बुटवल- नवलपरासी, रुपन्देही र पाल्पा
  - अख्तियारको कार्यालय, इटहरी- ओखलढुङ्गा र सोलुखुम्बु
  - अख्तियारको कार्यालय, बर्दिवास- महोत्तरीर उदयपूर
  - अख्तियारको कार्यालय, कञ्चनपूर- बझाङ्ग, दार्चुला र बैतडी
- सूचना संकलन र रंङ्गेहात कारवाही तालिम कार्यक्रम
- सामुदायीक शिक्षा कार्यक्रम
- नवआगन्तुक कर्मचारीहरुलाई अनुसन्धान सम्बन्धि अभिमुखीकरण तालिम कार्यक्रम
- आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण
- उजुरी दर्ता र कारबाहीको विवरण

सम्पादक समूह

सचिव श्री महेश्वर न्यौपाने : अध्यक्ष

सहसचिव श्री प्रदीपकुमार कोइराला : सदस्य

उपसचिव श्री गणेश बहादुर अधिकारी : सदस्य

शाखा अधिकृत श्री रामहरी पाण्डे : सदस्य

तथाङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे : सदस्य

संस्थागत रणनीति तयार गर्ने विषयमा छलफल

प्रधान सम्पादक र सम्पादकहरु समक्ष छलफल तथा अन्तरक्रिया कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७६।४।८ गते आयोगको आगामी ५ वर्षे संस्थागत रणनीति र आगामी दिनमा आयोगको काम कारबाहीलाई प्रभावकारी बनाउने विषयमा विभिन्न संचार माध्यममा कार्यरत प्रधान सम्पादक/सम्पादक एवं वरिष्ठ पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

आयोगको ५ वर्षे संस्थागत रणनीतिका महत्वपूर्ण पक्षहरुको प्रस्तुति गर्दै आरम्भ गरिएको कार्यक्रममा आयोगको संस्थागत रणनीतिलाई थप प्रभावकारी बनाउन वरिष्ट पत्रकारहरूबाट महत्वपूर्ण सुझावहरु प्राप्त भयो । वहाँहरुले प्रेस र आयोगका बीचमा निरन्तर संवाद बढाउन सुझाव दिनु भयो, विकेन्द्रीत भइरहेको नीतिगत भ्रष्टाचारप्रति आयोगले गम्भीर ध्यान दिनुपर्ने, अख्तियारको जनशक्तिलाई विशिष्टीकृत बनाउनु पर्ने आग्रह र प्रभावरहित आयोगका काम कारबाही पारदर्शी र स्वच्छ हुनुपर्ने लगायतका विषयमा महत्वपूर्ण सुझाव दिँदै भ्रष्टाचारमुक्त देश बनाउन सञ्चार माध्यमका तर्फबाट हरतरहको सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आयोगका तर्फबाट माननीय प्रमुख आयुक्त एवं आयुक्तज्यूहरुले छलफलका क्रममा उठेका जिज्ञासा एवं अस्पष्टताहरुलाई स्पष्ट पार्दै देशमा सुशासन र भ्रष्टाचारको अन्त्यका लागि आयोग प्रतिबद्ध रहेको जानकारी दिनुभयो । आयोगका गतिविधिहरु आग्रह र पूर्वाग्रहबाट मुक्त हुने, पद्धतिले काम गर्ने प्रणाली बनाइने, प्रविधियुक्त अनुसन्धान पद्धतिमा जोड दिइने भन्नु हुँदै आयोगका प्रमुख आयुक्तले विगतका सकारात्मक तथा नकारात्मक विषयबाट पाठ सिक्दै आयोग अगाडि बढ्ने प्रतिवद्धता जनाउनुभयो ।



विद्वत वर्गहरु समक्ष छलफल तथा अन्तरक्रिया कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज मिति २०७६।०५।०६ गते आयोगको आगामी ५ वर्षे संस्थागत रणनीति (२०७६/७७–२०८०/८१) र आगामी दिनमा आयोगको काम कारबाहीलाई थप प्रभावकारी बनाउने विषयमा आयोगका माननीय प्रमुख आयुक्त तथा माननिय आयुक्तज्यूहरुको समुपस्थितिमा पूर्व मन्त्री, आयोगका पुर्व पदाधिकारीहरु, योजना आयोगका पूर्व पदाधिकारी, पूर्व सचिवहरु, विभिन्न विश्वविद्यालयमा प्रध्यापकरु, कानुन व्यवसायीहरु तथा अन्य लब्धप्रतिष्ठित व्यक्तिहरु गरी करिब ६० जना सँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्यो। आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाबाट आयोगका ५ वर्षे संस्थागत रणनीतिका महत्वपूर्ण पक्षहरुको प्रस्तुति गर्दै आरम्भ गरिएको कार्यक्रममा आयोगको संस्थागत रणनीतिलाई थप वस्तुपरक तथा प्रभावकारी बनाउन उपस्थित विद्वत वर्गहरुबाट महत्वपूर्ण सुझावहरु प्राप्त भयो। उहाँहरुमध्ये अधिकांश सहभागीहरुले आयोगले गर्ने गरेको यस किसिमको छलफल तथा अन्तरक्रिया कार्यक्रमको सरहना गर्दै परिवर्तित राज्य व्यवस्थामा आयोगले आफूलाई पनि परिवर्तन गर्दै लैजानु पर्ने कुरामा जोड दिनुभयो। उक्त कार्यक्रममा आयोगले उपस्थित प्रागिक वर्गहरुबाट संस्थागत रणनीति कस्तो हुनुपर्दछ भन्ने विषयमा अतिनै महत्वपूर्ण प्राविधिक सुझाव पाउनुका साथै विकेन्द्रीत भइरहेको नीतिगत भ्रष्टाचारप्रति



आयोगले गम्भीर ध्यान दिनुपर्ने, अख्तियारको जनशक्तिलाई विशिष्टीकृत बनाउनु पर्ने र प्रभावरहित आयोगका काम कारबाही पारदर्शी र स्वच्छ हुनुपर्ने लगायतका विषयमा समेत महत्वपूर्ण सुझाव दिनुका साथै

भ्रष्टाचारमुक्त देश बनाउन आ- आफ्नो स्थानबाट हरतरहको सहयोग गर्न तयार रहेको प्रतिबद्धता समेत व्यक्त गर्नुभयो। कार्यक्रमको अन्तमा आयोगका तर्फबाट माननीय प्रमुख आयुक्त एवं आयुक्तज्यूहरुले छलफलका क्रममा उठेका जिज्ञासा एवं अस्पष्टताहरुलाई स्पष्ट पर्ने क्रममा देशमा सुशासन र भ्रष्टाचारको अन्त्यका लागि आयोग प्रतिबद्ध रहेको जानकारी दिनुभयो। कार्यक्रममा माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले भ्रष्ट्रचार नियन्त्रणमा राजनीतिक प्रतिबद्धता आवश्यक रहने हुनाले सो को लागी सबैले आ-आफ्नो ठाउँबाट सकारात्मक भुमिका खेल्नु पर्ने बताउनु भयो। यसैगरी माननीय आयुक्त डा. गणेश राज जोशीज्यूले उपस्थित सबै विद्धत वर्गहरुले दिनुभएको सुझावहरुको सरहना गर्दै भ्रष्ट्राचार न्यूनिकरण गरी सुःशासन कायम गर्न आयोग सँगै अन्य सम्पुर्ण पक्षहरुको सामुहिक पहल आवश्यक पर्ने कुरा बताउनु भयो।



साथै माननीय प्रमुख आयुक्त नवीन कुमार घिमिरिज्युले आयोगका गतिविधिहरु आग्रह र पूर्वाग्रहबाट मुक्त हुने गरेको , पद्धतिले काम गर्ने प्रणाली बनाइने, प्रविधियुक्त अनुसन्धान पद्धतिमा जोड दिइने भन्नु हुँदै आयोगले प्राप्त सुझावहरु मध्ये उपयुक्त सुझावहरुलाई रणनीतिमा समेट्ने तथा यस रणनीतिमा समेटिन नसकिएका सुझावहरुलाई आयोगको सम्पत्तिको रुममा लिने बताउँदै आयोगको रणनीतिलाई अन्तिम रुप दिनु पूर्व यस्ता छलफल कार्यक्रम अन्य प्रशासनीक तथा राजनीतिक नेतृत्व पनि सञ्चालन गर्ने बताउनु भयो।

रुग्ण आयोजना ठेक्का व्यवस्थापनको अवस्था सम्बन्धमा छलफल

पूर्वाधार विकाससँग सम्बन्धित सातवटा मन्त्रालयका आठवटा निकायहरुले उपलब्ध गराएको रुग्ण आयोजनाको ठेक्कासम्बन्धी विवरण अध्ययन एवम् विश्लेषण गरी आयोगले तयार पारेको सुझावसहितको प्रतिवेदन कार्यान्वयनका लागि आयोगमा गतवर्ष सम्बन्धित मन्त्रालयका सचिवहरु, विभागीय प्रमुखहरु र आयोजना प्रमुखहरुसमेतको उपस्थितिमा छलफल सम्पन्न भएको थियो । सोही विषयमा भएको प्रगति र थप आवश्यक प्रयाससम्बन्धी छलफल गर्न माननीय प्रमुख आयुक्त, माननीय आयुक्तहरु, आयोगका सचिव र महाशाखा प्रमुखहरु तथा मुख्य सचिव, सम्बन्धित मन्त्रालयका सचिवहरु, विभागीय प्रमुखहरु, प्रबन्ध निर्देशकहरु र महानिर्देशकहरुसमेतको उपस्थितिमा आज मिति २०७६/५/११ मा आयोगमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । छलफलका क्रममा त्यस्ता रुग्ण आयोजनाहरुको म्याद थप गर्ने विषयमा आफ्नो निकायले चालेको कदमबारे सचिवहरु, विभागीय प्रमुखहरु र महानिर्देशकहरुले जानकारी दिनुका साथै line of credit को समस्यालगायतका विषयमा राय व्यक्त गर्नुभएको थियो । मुख्य सचिवले सरकारी निर्माणकार्य सम्बन्धी कानूनी प्रावधान स्पष्ट भएको हुँदा प्रचलित कानून र ठेक्का सम्झौताका सर्तहरु ईमान्दारीकासाथ पालना गरे यस्ता आयोजनाहरु समयमै सम्पन्न गर्नसकिने बताउनुहुँदै काम समयमा नसक्ने ठेकेदारहरुलाई कारबाही गर्न सचिवहरु, विभागीय प्रमुखहरु, प्रबन्ध निर्देशकहरु र महानिर्देशकहरुलाई निर्देशन दिनुभयो । माननीय प्रमुख आयुक्तले आयोजनाको म्याद थप गर्दै वा नगर्दैमा आयोगको अनुसन्धानको दायरामा नआउने र म्याद थप गर्ने वा नगर्ने निर्णय कानूनसम्मत भएको हुनुपर्ने कुरामा जोड दिनुभयो । वहाँले काममा केही असहजता भए आयोगले सहजताको लागि पहलकदमी गर्ने तर ऐननियम पालना नभएको अवस्थामा स्वभाविकरुपमा आयोगले अनुसन्धानको दायरामा ल्याउने स्पष्ट पार्नुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अघिल्लो आ.व.को समीक्षासहितको वार्षिक छलफल कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७६।०५।१८ गते आर्थिक वर्ष २०७५/७६ को समीक्षा सहितको छलफल कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा माननीय प्रमुख आयुक्तज्यू, माननीय आयुक्तज्यूहरु, श्रीमान सचिवज्यू सहितको उपस्थितिमा महाशाखा प्रमुखहरु, आयोगका मातहत कार्यालयका प्रमुखहरु लगायत आयोगको अन्य कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।

आयोगमा हरेक आर्थिक वर्ष समाप्त भए पश्चात सञ्चालन हुँदै आइरहेको समीक्षा तथा छलफल कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूले सहभागीहरु सबैलाई धन्यबाद दिँदै प्रणाली स्थापना गर्न पनि आयोगले कार्यसम्पादन स्तर बढाउनु पर्ने, उजुरीको फछ्यौट बढाउनु पर्ने र खासगरी विस्तृत अनुसन्धानको फाइलहरुको समयमा अनुसन्धान पूरा गर्न निर्देशन दिँदै सम्पूर्ण कर्मचारीहरुलाई Role Model को रुपमा काम गर्न सुझाउनु भयो । कार्यक्रममा माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले अनुसन्धानको सिलसिलामा बेनामी उजुरीको गोप्यता कायम गर्नुपर्ने बताउँनु हुँदै पुराना उजुरीहरुलाई समयमा टुङ्याउनु पर्ने

कुरामा जोड दिनुभयो । माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले एक आपसमा अनुभवको आदान प्रदानले आयोगको प्रभावकारीतामा सकरात्मक भूमिका खेल्ने बताउँदै यस्ता प्रवर्द्धनात्मक कार्यक्रमलाई थप गति दिँदै र निवेदक र सूचनादाताको सुरक्षामा ध्यान दिनुपर्ने बताउनुभयो।



प्रवक्ता तथा सहसचिव श्री प्रदिप कुमार कोइरालाको स्वागत मन्तव्यबाट सुरुवात भएको कार्यक्रममा आयोगका सचिव श्रीमान महेश्वर न्यौपानेले अनुसन्धान कार्य तथ्य र प्रमाणमा आधारित बनाउनुपर्ने कुरालाई जोड दिँदै, कार्यालयहरुमा देखिएका समस्याहरुलाई समाधान गर्दै लैजाने तथा अधिकार प्राप्ति सँगै जिम्मेवारी निर्वाहामा पनि जोड दिनुपर्ने बताउनुभयो ।

अघिल्लो वर्षहरुमाझै यसपटक पनि आयोगका आठवटै कार्यालयका प्रमुखहरुले अलग-अलग कार्यपत्र प्रस्तुत गर्नु हुँदै आ-आफ्ना कार्यालयमा उजुरीको प्रकृति, चाप, फछ्यौटको अवस्था, कार्य प्रगतिको अवस्था, कार्यालयको समस्याहरु तथा जनताको आयोग प्रतिको अपेक्षा बताउनु हुँदै आगामी दिनका लागि केही रचनात्मक सुझावका उपायहरु पनि बताउनुभयो । कार्यक्रममा आयोगका विभिन्न महाशाखा प्रमुखहरुले पनि कार्यपत्र माथि जिज्ञासा तथा धारणा राख्नुभएको थियो ।



२०७६ श्रावण १ देखि कार्तिक मसान्तसम्म रङ्गेहात पक्राउ पर्नेहरुको विवरण

सि न	मिति	नाम थर पद	कार्यालय	घुसको प्रयोजन	घुस रकम	पक्रउ गर्ने कार्यालय
१.	कात्तिक २८	शाखा अधिकृत शुक्रप्रसाद भट्टराई,/रिकन्डिसन हाउसका प्रतिनिधिहरु किरण देउला, उत्तम बिक्रम शाही, रमेशकुमार के.सी. खड्का र सुरेश छुस्याकी	यातायात व्यवस्था कार्यालय मोटरसाइकल काठमाडौं	मोटरसाइकल पास गर्न सहज गरी दिने भनी घुसरकम लिने दिने क्रममा नियन्त्रणमा	३,०००	टंगाल
२.	कात्तिक २७	सूचक धर्मेन्द्रकुमार झा	राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला कार्यालय, सप्तरी	भन्सार नाकाबाट सामान ल्याउन सहजीकरण गरी दिने भनी सेवाग्राहीबाट घुस/रिसवत माग	५,०००	इटहरी
३.	कात्तिक २७	शाखा प्रबन्धक आलोक कुमार र वरिष्ठ सहायक रामबाबु महतो	कृषि सामग्री कम्पनी लिमिटेड, शाखा कार्यालय जनकपुर	बिक्री नभई बाँकी रहेको विभिन्न जातका धानहरु लिलाम बिक्री प्रक्रियामा अनियमितता गरेको	६८,०००	बर्दिबास
४.	कात्तिक २४	नायब सुव्बा रमेशकुमार खड्का	जिल्ला अदालत पश्चिम रुकुम,	अदालतबाट फैसला भईसकेको मुद्दामा मालपोत कार्यालयलाई जग्गा दाखिल	१५,०००	सुर्खेत

			मुसिकोट	खारेज दर्ता पुर्जी उपलब्ध गराउनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग		
५.	कात्तिक १४	प्रहरी नायब निरीक्षक जटाशंकरप्रसाद कलवार	जिल्ला बारा, प्रहरी चौकी गञ्जभवानीपुर	भारतबाट मालसामान ल्याउन सहज गराई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	६०,०००	हेटौडा
६.	कात्तिक ०९	सव-ईन्जिनियर सन्दिप पौडेल र चालक बिक्रम बस्नेत	शिक्षा बिकास निर्देशनालय प्रदेश नं. ५ बुटवल रुपन्देही	विद्यालयको भवन निर्माण कार्य सम्पन्न भई अन्तिम किस्ता वापतको बाँकी रकम विद्यालयको खातामा निकासा गर्ने सिलसिलामा बिभिन्न बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग	१,२०,०००	बुटवल
७.	कात्तिक ०६	प्रहरी जवान दिपक चौधरी	ईलाका प्रहरी कार्यालय गड्डाचौकी, कन्चनपुर	बजारहरूमा व्यवसायीहरूको माग बमोजिम भारतको स्थानीय बजार बनबासाबाट मालसामान क्यारीङ गरि ल्याउने क्रममा भन्सार शुल्क तिरि सके पश्यात पनि शुल्क बाहेकको रकम सेवाग्राहीसँग घुस/रिसवत माग	५,०००	कन्चनपुर
८.	कात्तिक ०३	खरिदार प्रकाश पौडेल र लेखापढि व्यवसायी मनोहरि भट्टराई	मालपोत कार्यालय लेखनाथ, कास्की	सेवाग्राहीको जग्गा नामसारी गरिदिने समेत विभिन्न बहानामा मिलेमतो गरी घुस/रिसवत माग	१२,०००	पोखरा
९.	असोज ३०	प्रहरी सहायक निरीक्षक बृजेशप्रसाद चौधरी	अस्थायी प्रहरी पोष्ट, कठुधार महोत्तरी	नेपाल भारत सीमा बजारबाट घरमा प्रयोग गरिने सामान खरिद गरी ल्याउन सहज गराइदिने भनी घुस रकम माग	१३,०००	बर्दिवास
१०.	असोज २९	खरिदारद्वय सूर्य प्रसाद मिश्र र दुर्गा प्रसाद चौधरी	भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तु	जग्गाको मोही नामसारी गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग	६,०००	बुटवल
११.	असोज १७	स.प्र.ह.ज्ञान ब. चौधरी र स.प्र.जवान रतीराम चौधरी	सशस्त्र प्रहरी वल बि.ओ.पी. भजनी, कैलाली	भारतबाट मालसामान ल्याउन सहज गराई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	२०,०००	कञ्चनपुर
१२.	असोज १५	ओभरसियर प्रशान्त चौधरी	लायन्स इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.काठमाडौं टोखा	भवन निर्माण सम्पन्न प्रमाण-पत्र लिनको लागि टोखा नगरपालिकाका कर्मचारीसमेतलाई मिलाउनको लागि भनी सेवाग्राहीसँग घुस/रिसवत माग	५,००,०००	टङ्गाल
१३.	असोज १४	सर्भेक्षक सन्तोष भण्डारी	नापी कार्यालय कास्की	जग्गा नापजाँच तथा क्षेत्रफल छुट्याउने कार्य गर्नको लागि	१०,०००	पोखरा

				घुस/रिसवत माग		
१४.	असोज १४	प्रधानाध्यापक रबिन्द्र कुमार मौर्य र कार्यालय सहयोगी राम कुमार लोनिया	बालज्योति मा.वि. बिसनपुर, कपिलवस्तु	शिक्षक नियुक्तिमा सहजीकरण गर्ने प्रयोजनको लागि घुस/रिसवत माग	४०,०००	बुटवल
१५.	असोज १३	प्रहरी नायव निरीक्षक खिमबहादुर जि सी	ईलाका प्रहरी कार्यालय मंगलापुर, रूपन्देही	बिमा सिफारिस गरिदिने प्रयोजनको लागी घुस/रिसवत माग	१५,०००	बुटवल
१६.	असोज १०	सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र मौर्य	सशस्त्र प्रहरी बल, बेश क्याम्प सेमरी, नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)	व्यक्तिगत घरायसी प्रयोजनका लागि चाहिने सामान ओसार पोसारमा सहजिकरण गरिदिने भनी घुस/रिसवत माग	७,०००	बुटवल
१७.	असोज ०७	कार्यालय सहयोगी अर्जुन कुमार मण्डल	भूमि सुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरी	मोही जग्गाको बाँडफाँट सम्बन्धी मुद्दाको लगत कट्टा गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	२,०००	इटहरी
१८.	असोज ०२	सहायक वन अधिकृत पर्शुराम चौधरी र घरधनी मनोज कुमार शर्मा	सव डिभिजन वन कार्यालय, प्रतापपुर, नवलपरासी (वर्दघाट-सुस्ता पश्चिम)	डिभिजन वन कार्यालयबाट नियन्त्रणमा लिएको ट्याक्टरको मुद्दा मिलाईदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	६५,०००	बुटवल
१९.	असोज ०२	सिनियर ईलेक्ट्रिसियन (रा.प.अन. प्रथम) रुपक प्रसाद गुरागाई	यातायात व्यवस्था कार्यालय साना ठुला सवारी ३ नम्वर प्रदेश, ललितपुर	विद्युतिय सवारी साधनहरुको बाटो इजाजत पत्रका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	६०,०००	टङ्गाल
२०.	असोज ०२	सर्भेक्षक सिद्धराज जोशी	नापी कार्यालय भक्तपुर	जग्गा हालसाविक गर्न तोक आदेश भई फिल्ड नाप जाँच गर्ने क्रममा फिल्ड खर्च भनी सेवाग्राहीसँग घुस/रिसवत माग	१०,०००	टङ्गाल
२१.	असोज ०२	प्रहरी नायव निरीक्षक बिपिन चन्द्र पन्त	महानगरीय प्रहरी प्रभाग थली, काठमाडौं	सवारी दुर्घटना केशको सहमति बमोजिम मिलापत्र गरिएकोमा मिलापत्र गरिदिएबापत सेवाग्राहीसँग घुस/रिसवत माग	५,०००	टङ्गाल
२२.	भदौ २८	प्र.अ. सचिन्द्रकुमार कापर, सहायक प्र.अ.मनिर मियाँ, शिक्षक सुरेश महतो तथा समितिका सदस्यद्वय जम्बिल मियाँ र इलियास मियाँ अन्सारी	नेपाल राष्ट्रिय आधारभूत विद्यालय, वीरगञ्ज	करारमा शिक्षक नियुक्ति गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत रकम माग	१,००,०००	हेटौडा

२३.	भदौ २६	हलुका सवारी चालक (करार) बृज मोहन यादव	जिल्ला अदालत सिराहा	अदालतमा विचाराधिन लागुऔषध सम्बन्धी मुद्दा मिलाईदिन्छु भनि सेवाग्राहीसँग घुस/रिसवत माग	१,१०,०००	हेटौंडा
२४.	भदौ २३	ई.सि. छेदिलाल साह सुनार	नेपाल विधुत प्राधिकरण, सिरहा वितरण केन्द्र, औरही नोलाईट सिरहा	करारको कर्मचारीमा भर्ना गरिदिन्छु भनी प्रलोभनमा पारी घुस/रिसवत रकम माग	८०,०००	बर्दिवास
२५.	भदौ २३	प्रहरी जवान गमहिरा साह तेली	जिल्ला प्रहरी कार्यालय पर्सा	कमसल आयुर्वेदिक औषधी दिएको भन्ने समेत टुङ्गिइसकेको उजुरी मिलाईदिने भनी घुस/रिसवत रकम माग	५,०००	हेटौंडा
२६.	भदौ २२	नायव सुब्बा पुरूषोत्तम पोखरेल र कर सहयोगी (सहजकर्ता) केदार प्रसाद न्यौपाने	बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग काठमाडौं	पूजी बृद्धि तथा शाखा विस्तारको लागि घुस/रिसवत माग	१,०००	टङ्गाल
२७.	भदौ २२	प्रहरी सहायक निरीक्षक श्याम बहादुर माझी	अस्थायी ट्राफिक प्रहरी पोष्ट नेपालथोक दुम्जा सिन्धुली	काठमाडौंबाट सिन्धुली हुँदै बाहिरिने सवारी साधनलाई ७:०० बजे भन्दा पछि केही समय ढिला भएमा सिन्धुलीतर्फ जान दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	१०,०००	टङ्गाल
२८.	भदौ १९	का.स. श्याम कुमार कार्की र शिक्षक खेन्चे दोजै तामाङ	काठमाडौं महानगरपालिका - ६ नम्वर वडा कार्यालय	भौतिक संरचना र जग्गाको कर तिर्नका लागि घुस /रिसवत दिई काम गराएको	१,५००	हेटौंडा
२९.	भदौ १६	पूर्व कार्यरत हरिमोहन सिंह क्षेत्री	भूमिसुधार तथा मालपोत कार्यालय, बारा	आयोगले माग गरेको जग्गा सम्बन्धी कागजातहरू नपठाई केही समयको लागि रोकेर राखिदिने भन्दै घुस/रिसवत माग	१,००,०००	हेटौंडा
३०.	भदौ १६	कम्प्युटर अपरेटर सुदिप लामा	आन्तरिक राजश्व कार्यालय, सिमरा, बारा	लामो समयदेखि कारोबार नभएको पान नं. बन्द गर्न सहजीकरण गरिदिने र राजश्व रकम छुट गरीदिने भन्दै घुस/रिसवत माग	४०,०००	हेटौंडा
३१.	भदौ १५	शाखा अधिकृत अर्जुन प्रसाद पराजुली र नायव सुब्बा राजेन्द्र कुमार के.सी.	बिद्यालय शिक्षक किताबखाना, ताहाचल, काठमाडौं	अस्थायी शिक्षकबाट राजिनामा दिए पश्चात गोल्डेन हेण्डसेक बापतको रकम कलमको रेकर्ड मिलान गरी दिनका लागि घुस/रिसवत माग	१५,०००	टङ्गाल
३२.	भदौ	निमित्त कार्यालय प्रमुख गंभिर सिंह	यातायात व्यवस्था	सवारी साधन बिक्री गरी नामसारी गरी	१,५१,१००	कञ्चनपुर

	१३	बिष्ट, अधिकृत(सातौं) भुवन जोशी र अधिकृत(छैठौं) जयराज कारीगर	कार्यालय सेती	दिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग		
३३.	भदौ १२	लेखापाल बद्रीप्रसाद पराजुली र सहायक प्रधानाध्यापक भरत बिक्रम बि.सी.	पशुपति मित्र माध्यमिक विद्यालय, का.म.न.पा. ७ चावहिल	विद्यालयमा क्यान्टिन बनाउने कार्य सम्पन्न गरी मूल्याङ्कन समेत भई रकम निकाशा गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग	१,५०,०००	टङ्गाल
३४.	भदौ १२	खरिदार जिवनाथ पाण्डे र लेखापढी व्यवसायी कमल पाण्डे	मालपोत कार्यालय बुटवल	जग्गा नामसारी र लालपूर्जा दिने कार्यको सहजीकरणका लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस/रिसवत माग गरेको	१,२०,०००	बुटवल
३५.	भदौ ९	लेखापाल जयसिंह राय थारू	जिल्ला प्रशासन कार्यालय बारा	उपभोक्ता समितिले सम्पन्न गरेको कामको भुक्तानी गरेबापत घुस/रिसवत माग	२५,०००	हेटौंडा
३६.	भदौ ६	सहायक वन अधिकृत अनिल कुमार गुप्ता	बाँसगढी सब डिभिजन वन कार्यालय बर्दिया	उपभोक्ता समितिको काठ मिलमा चिरान सिफारिस गरे बापत घुस/रिसवत माग	१०,०००	नेपालगञ्ज
३७.	भदौ ५	गंगालाल श्रेष्ठ	भक्तपुर नगरपालिका वडा नं.-१	घुस रिसवत दिन्छु भनी प्रहरी कर्मचारीलाई प्रलोभन देखाएको	४०,०००	टङ्गाल
३८.	भदौ ४	नापी सर्वेक्षक मोहन यादब	जिल्ला अदालत महोत्तरी	घर नापनक्सा अनूसार नभएको भनि विभिन्न बहाना बनाइ मुद्दा मिलाई दिन्छु भनि घुस/रिसवत माग	१,५०,०००	बर्दिबास
३९.	भदौ ४	कार्यालय सहयोगी (पाँचौ तह) कान्छा भण्डारी र जग्गा कारोवारी ईश्वर के.सी.	मालपोत कार्यालय मनमैजु, काठमाडौं	बैंक तथा वित्तिय संस्थाहरूबाट ऋण दिने प्रयोजनको लागि जग्गा रोक्का राख्न आउनेव्यक्तिहरुसंग जग्गा रोक्का राख्न सहज गरिदिने भनि घुस रकम लिनेदिने कार्य गरेको	३५,०००	टङ्गाल
४०.	भदौ ४	मालपोत अधिकृत अविनाश कुँवर	मालपोत कार्यालय कास्की	रजिष्ट्रेशन पास गर्न नियमानुसार आवश्यक सबै कागजात प्रमाणसहित पेश गर्दा पनि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस/रिसवत माग	५९,०००	पोखरा
४१.	भदौ ३	अनुसन्धान सहायक- विरेन्द्र प्रसाद पाण्डे र फलफूल पसले विरेन्द्र बर्मा	राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रूपन्देही	भारततर्फबाट घरायसी प्रयोजनका सामानहरू ल्याउने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग	३,०००	बुटबल
४२.	भदौ १	सव-इन्जिनियर (करार) आकाश श्रेष्ठ	बनेपा नगरपालिका वडा नं.११	महाभूकम्पले पूर्ण क्षति भएको घर निर्माणको लागि नेपाल सरकारले प्रदान	२५,०००	टङ्गाल

				गरेको राहतको किस्ता रकम निकासीको लागि स्थलगत निरीक्षण प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि घुस/रिसवत माग		
४३	साउन ३०	प्रधानाध्यापक लेखनाथ उपाध्याय र अध्यक्ष केदार गिरी	श्री सिद्धार्थ माध्यमिक विद्यालय पाल्हिनन्दन गाउँपालिका वडा नं. ३	शिक्षकको सरुवा सहमती तथा रवाना गरीदिने प्रयोजनका लागि घुस/रिसवत माग	६५,०००	बुटवल
४४.	साउन २९	चौथो तह- मेघराज काफ्ले र विद्युत प्राविधिक नारायण कुर्मी (दैनिक ज्यालादारी)	नेपाल विद्युत प्राधिकरण, त्रिवेणी उप-वितरण केन्द्र, त्रिवेणी नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)	थ्रीफेज लाइनको मिटर जडान गर्न सहज गराई दिए बापत घुस/रिसवत माग	४६,५५५	बुटवल
४५.	साउन २८	वडा अध्यक्ष मो.रफिक आलम, वडा सदस्य कारी साह र निजको छोरा मुकेश साह	भँगाहा नगरपालिका वडा नं.- ८, महोत्तरी	योजना सम्पन्न भएको सिफारिस गरेको र रकम भुक्तानी लिन सहज गराई दिए बापत घुस/रिसवत माग	१,६०,०००	बर्दिबास
४६.	साउन २७	शिक्षक गणेश के.सी.	श्री माध्यमिक विद्यालय रझेना घोराही, दाङ्ग	प्रवेश परिक्षा उर्तीण गराईदिन सहजिकरण गरिदिने बहानामा परिक्षार्थीहरूसँग घुस/रिसवत माग	१०,०००	नेपालगञ्ज
४७.	साउन २७	सहायक वन अधिकृत(आठौं तह) सुरेश चन्द्र डि.सी.	लानाकेदारेश्वर सव डिभिजन वन कार्यालय, डोटी	काठको छोड पुर्जीको सिफारिस लगायत कागजी प्रकृया सहज गरिदिए बापत घुसरिसवत माग गरि लिएको	३,२६,०००	कञ्चनपुर
४८.	साउन २५	सव-इन्जिनियर उमेश मण्डल	नगराईन नगरपालिका, धनुषा	सम्पन्न योजनाहरूको कार्य सम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी लिन सहज गराई दिए वापत सेवाग्राहीसँग घुस/रिसवत माग	५५,०००	बर्दिबास
४९.	साउन २३	प्रमुख प्रशासकीय अधिकृत गिरिराज कोइराला	पूर्वाञ्चल विश्वविद्यायल	काठमाडौंस्थित कलेजका विद्यार्थीहरूको समस्या समाधान गरिदिने भनी घुस रकम माग गरेको	६,७५,०००	टङ्गाल
५०.	साउन २३	कार्यालय प्रमुख हरि कुमार पोखरेल समेत ५ जना	डिभिजन सडक कार्यालय पोखरा	सडक स्तरोन्नतीका लागि सम्झौता भई काम सुरू गर्नका लागि पेश्की निकासा गरे बापत घुस रकम लिने दिने कार्य गरेको	९,००,०००	पोखरा
५१.	साउन	अध्यागमन अधिकृत कमल प्रसाद	त्रिभुवन अन्तराष्ट्रिय	गैरकानूनी क्रियाकलाप गरी अध्यागमन	-	टङ्गाल

	२१	पराजुली	विमानस्थल अध्यागमन कार्यालय	ऐन कानुनको बर्खिलाप हुने गरी आर्थिक लाभ लिएको		
५२.	साउन २०	नायव सुब्बा देउमान कडरिया	दिब्येश्वरी जग्गा अधिकरण आयोजना, भक्तपुर	जग्गाको लालपुर्जा बनाईदिने प्रयोजनको लागि घुस रकम माग	५०,०००	टङ्गाल
५३.	साउन २०	नायव सुब्बा सिह बहादुर कुँवर र खरिदार नर राज पाण्डे	मालपोत कार्यालय टीकापुर कैलाली	हराएको लालपुर्जाको सम्पूर्ण कागजात तयार गरी प्रतिलिपि बनाउनका लागि जग्गा नाप जाँच गरिदिए बापत घुस रकम माग	८,०००	कञ्चनपुर
५४.	साउन २०	अधिकृत (आठौं) चन्दनकुमार अमात्य	उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा मकवानपुर	उद्योग दर्ता गर्न IEE प्रतिवेदन स्वीकृत गर्ने प्रयोजनको लागि घुस रकम माग	५०,०००	हेटौंडा
५५.	साउन १७	प्र.ह. रामहरी मानन्धर, प्र.ह. भक्त बहादुर हायु, प्र.ज. तेज प्रसाद भट्टराई, प्र.ज. ज्ञान बहादुर लामगादे र प्र.ज. हरिचन्द्र बाँनिया	जिल्ला ट्राफिक कार्यालय, काभ्रे	नदिजन्य पदार्थ ढुवानी गरे वापत घुस रकम माग	६,०००	टङ्गाल
५६.	साउन १५	नायब सुब्बा सनोज महतो	जिल्ला प्रशासन कार्यालय, बारा	पुरानो मुद्दाको पेशी चढाई चाँडै मुद्दा सकिदिने भनी विभिन्न बहाना बनाइ घुस रकम माग	१०,०००	हेटौंडा
५७.	साउन १४	सर्भेक्षक मागैन महतो र लेखापढी व्यवसायी राम नारायण पोदार	नापी कार्यालय ईनरूवा सुनसरी	जग्गाको नक्सा सुदार गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग	११,०००	इटहरी
५८.	साउन १३	ना.सु. मिथिलेश्वर ठाकुर र लेखापढी व्यवसाय राजबंशी चौधरी	मालपोत कार्यालय, सिरहा	जग्गाको मोही लगत कट्टा गर्ने प्रयोजनको लागि घुस/रिसवत माग	५,०००	बर्दिवास
५९.	साउन १३	जनस्वास्थ्य अधिकृत राम अवतार गुप्ता	राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा सञ्चार केन्द्र, टेकु काठमाडौं	जनचेतनामुलक सामग्रिहरु रेडियोमा प्रचारप्रसार गर्न कोटेसन दिई कार्य सम्पन्न गरी भुक्तानि गरे पश्चात कमिशन बापत घुस रिसवत माग	१,००,०००	टङ्गाल
६०.	साउन १२	निमित्त कार्यालय प्रमुख (जनस्वास्थ्य निरीक्षक) भीम प्रसाद आचार्य, जिन्सी शाखा प्रमुख (अधिकृत छैठौं) रघुनाथ रेग्मी, लेखापाल हरिशंकर शर्मा र हलुका सवारी चालक भवदत्त जैसी	जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दी	पेशकी फछ्यौंट गरिदिने बहानामा घुस/रिसवत माग	१,३०,०००	पोखरा

६१.	साउन ११	सशस्त्र प्रहरी जवान बलराम यादव	सशस्त्र प्रहरी वल, गण नं.४, ईनरूवा, सुनसरी	व्यपारमा सहजिकरण गरीदिने प्रयोजनको लागि घुस/रिसवत माग	१,५०,०००	इटहरी
६२.	साउन ०८	खरिदार (प्रा.) पुष्कर अधिकारी	घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, दोलखा	होटल ब्यवसाय दर्ता गरिदिने प्रयोजनार्थ घुस/रिसवत माग	७३,९५०	जिल्ला प्रशासन कार्यालय, दोलखा
६३.	साउन ०८	प्र.ना.नि.रमेश बहादुर पाण्डे र प्र.ना.नि.राजु स्वर्णकार	महानगरीय प्रहरी बृत्त गौशाला, काठमाडौं	सार्वजनिक मुद्दामा केश चाँडै मिलाएर पठाइदिने भनी घुस/रिसवत माग	१८,०००	टङ्गाल
६४.	साउन ०६	प्रहरी जवान भरत कटुवाल	अस्थायी ट्राफिक प्रहरी पोष्ट कोशी कटान, सुनसरी	गाडी संचालनमा सहजता गरिदिने प्रयोजनको लागि घुस/रिसवत माग	५,०००	इटहरी
६५.	साउन ०५	प्र.स.नि. प्रेम बहादुर थापा	प्रहरी चौकी बगाह, रूपन्देही	हार्डवयरका सामानहरू बिक्री बितरणको लागि सहज बनाइदिने भनि घुस/रिसवत माग	३,५००	बुटवल
६६.	साउन ०४	ई.कमल सिटौला, ई.विश्वेश्वर प्रसाद शाह, ई.हरी प्रसाद चौधरी र सवारी चालक टंक प्रसाद ओझा	कर्णाली नदी व्यवस्थापन कार्यलय बर्दिया	निर्माण योजना तारजाली भर्ने कामको विल रकम भुक्तानी गरे वापत घुस/रिसवत माग	१५,००,०००	नेपालगञ्ज
६७.	साउन ०३	सब-इन्जिनियर उमा श्रेष्ठ	गोलबजार नगरपालिका, सिरहा	शौचालय निर्माणको भुक्तानी दिन सहज गराई दिए बापत घुस/रिसवत माग	५०,०००	बर्दिवास
६८.	साउन ०३	सि.डि.ई.प्रकाश अधिकारी, ई.भोगेन्द्र साह र सवारी चालक सुमन खड्का	जलस्रोत तथा सिंचाई बिकास डिभिजनकार्यालय, दोलखा र सिन्धुपाल्चोक क्रमशः	उपभोक्ता समितिहरु तथा अन्य कम्पनिहरूसंग घुस रकम लिएको शंकास्पद नगद सहित नियन्त्रणमा	१४,६७,६०५	टङ्गाल
६९.	साउन ०३	इन्जिनियर रामजी बाबु यादव	रामनगर गाउँपालिका, सर्लाही	विद्युत जडान गर्ने कार्यको प्राविधिक मूल्याङ्कनको भुक्तानी बापत घुस/रिसवत माग	५०,०००	बर्दिवास
७०.	साउन ०२	कम्प्युटर अपरेटर प्रकाश पौडेल र सुमित शाही	सडक डिभिजन सडक कार्यालय, दमौली र Wild Strong Consultancy क्रमश	सडक स्तरोन्नति सम्बन्धी योजनाको भुक्तानी गरिदिए बापत घुस/रिसवत माग	१,७५,०००	पोखरा

यसरी २०७६ साल श्रावण १ देखि कार्तिक मसान्तसम्मविभिन्न प्रयोजनमा घुस रिसवत लिने दिने कार्यमा संलग्नहरुलाई ७० वटा रंगेहात कारवाही बाट जम्मा ११८ जनालाई नियन्त्रणमा लिइएको छ भने रु ८०,७५,१६०।(अक्षेरुपी रु असी लाख पचहत्तर हजार एक सय साठी) बरावरको रकम बरामद गरिएको छ ।

२०७६ श्रावण १ देखि कार्तिक मसान्तसम्म दायर भएका मुद्दाहरुको विवरण

सि न	मिति	निर्णय सङ्ख्या	नाम थर पद	कार्यलय	कसुर	विगो	मुद्दाको किसिम
१	कात्तिक २८	२४३ ०७/२८	खरिदारद्वय सूर्यप्रसाद मिश्र र दुर्गाप्रसाद चौधरी	भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा कपिलबस्तु	जग्गा मोही नामसारी गरी दिने कार्यका लागि मिलेमतो गरी सेवाग्राहीसँग घुस/रिसवत माग	६,०००	रङ्गेहात
२	कात्तिक २७	२२९ ०७/२५	प्रधानाध्यापक नरबहादुर रावल	श्री कफल कटेश्वर प्रा.वि., छतिवन, डोटी	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
३	कात्तिक २७	२३१ ०७/२५	इन्जिनियर (करार) संतोषकुमार चौधरी	महाराजगंज नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, महाराजगंज, कपिलवस्तु	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
४	कात्तिक २६	२२७ ०७/२५	खरिदार प्रकाश पौडेल र लेखापढी व्यवसायी मनहरी भट्टराई	मालपोत कार्यालय लेखनाथ, कास्की	जग्गा नामसारी गरी दिने कार्यका लागि मिलेमतो गरी सेवाग्राहीसँग घुस/रिसवत माग	१२,०००	रङ्गेहात
५	कात्तिक २०	२२४ ०७/१८	सचिव लोकराज बराल	साविक जिल्ला विकास समितिको कार्यालय, झापा	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
६	कात्तिक २०	२२६ ०७/१९	सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र कुमार मौर्य	सशस्त्र प्रहरी बल, बेस क्याम्प सेमरी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	व्यक्तिगत घरायसी प्रयोजनका लागि चाहिने सामान ओसार-पोसारमा सहजीकरण गरी दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	७०,०००	रङ्गेहात
७	कात्तिक २०	२२५ ०७/१९	सशस्त्र प्रहरी निरीक्षक रबिन्द्र कार्की, सशस्त्र सहायक हवल्दार ज्ञान बहादुर चौधरी, सशस्त्र प्रहरी जवान रतिराम	सशस्त्र प्रहरी बल बि.ओ.पी. भजनी कैलाली	भारतको स्थानीय बजारबाट मालसामान क्यारिङ गरी ल्याउने क्रममा भन्सार शुल्क तिरिसके पश्चात पनि सेवाग्राहीसँग घुस/रिसवत माग	२०,०००	रङ्गेहात

			चौधरी				
८	कात्तिक १८	२२३ ०७/१७	इन्जिनियर दिनेश कुमार पाठक, लेखापढी व्यवसायी जयराम तिमिल्सिना र कन्सल्टेन्सीका ओभरसियर प्रशान्त चौधरी	जिल्ला काठमाडौं टोखा नगरपालिका	घरको निर्माण सम्पन्न प्रमाणपत्र बनाउनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	५,००,०००	रङ्गेहात
९	कात्तिक १४	२२२ ०७/१४	चालक ब्रिजमोहन यादव र विरीदेव महतो	जिल्ला अदालत सिरहा	अदालतमा विचाराधिन लागु औषधसम्बन्धी मुद्दा मिलाई दिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग	१,१०,०००	रङ्गेहात
१०	कात्तिक ०७	२२१ ०७/०७	प्रधानाध्यापक रबिन्द्रप्रसाद मौर्य र कार्यालय सहयोगी राम कुमार लोनिया	श्री बालज्योति मा.वि. बिसनपुर कपिलवस्तु	शिक्षक नियुक्तिमा सहजीकरण गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग	४०,०००	रङ्गेहात
११	कात्तिक ०७	२२० ०७/०७	सिनियर ईलेक्ट्रिसियन रुपकप्रसाद गुरागाई	यातायात व्यवस्था कार्यालय साना ठुला सवारी ३ नम्वर प्रदेश, ललितपुर	बिद्युतीय सवारी साधनहरुको बाटो इजाजत पत्रका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	६०,०००	रङ्गेहात
१२	कात्तिक ०७	२१९ ०७/०७	सर्वेक्षक सन्तोष भण्डारी	नापी कार्यालय कास्की	जग्गा नापजाँच तथा क्षेत्रफल छुट्याउने कार्य गरिदिने बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग	१०,०००	रङ्गेहात
१३	कात्तिक ०७	२१८ ०७/०७	प्रहरी नायव निरीक्षक खिमबहादुर जि.सी.	ईलाका प्रहरी कार्यालय मंगलापुर रूपन्देही	बिमा सिफारिस गरिदिने प्रयोजनको लागी सेवाग्राहीसँग घुस/रिसवत माग	१५,०००	रङ्गेहात
१४	कात्तिक ०७	२१७ ०७/०७	प्रधानाध्यापक सचिन्द्र कुमार कापर, सहायक प्रधानाध्यापक मनिर मियाँ, विद्यालय व्यवस्थापन	जिल्ला पर्सा, नेपाल राष्ट्रिय आधारभूत विद्यालय, वीरगञ्ज महानगरपालिका	करारमा शिक्षक नियुक्ति गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत रकम माग	१,००,०००	रङ्गेहात

			समितिका अध्यक्ष जमिल मियाँ अंसारी तथा सदस्यहरु ईलियास मियाँ अंसारी र जमिल मियाँ				
१५	कात्तिक ०७	२१६ ०७/०६	कार्यालय सहयोगी अर्जुन कुमार मण्डल	भूमिसुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरी	मोही जग्गाको बाँडफाँट सम्बन्धी मुद्दाको लगत कट्टा गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	२,०००	रङ्गेहात
१६	कात्तिक ०५	२१५ ०६/०३	अध्यागमन अधिकृत कमल प्रसाद पराजुली, मनहरी बराल, दिनेश के.एम., तोरण पराजुली, चक्र बहादुर श्रेष्ठ, मनोज कुमार पोखरेल, जगदिशचन्द्र नेपाली, बिजय सापकोटा, शैलेन्द्र ढकाल, बिरसिङ्ग भण्डारी, पदम प्रसाद बजगाईं, कम्प्युटर अपरेटरहरु रोशन गौतम र भोज प्रकाश न्यौपाने	अध्यागमन कार्यालय त्रिभुवन विमानस्थल काठमाण्डौ	अनाधिकृत तवरले Entry Pass गराएको	२४,८०,०००	अन्य
१७	कात्तिक ०५	२०४ ०६/१६	त.जिल्ला शिक्षा अधिकारी धनप्रसाद पोखरेल, लेखापाल नवराज भण्डारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तेजमन प्रसाद यादव, निमित्त प्रधानाध्यापक राजकिशोर चौधरी,	जिल्ला शिक्षा कार्यालय, बारा	सरकारी रकम हिनामिना	१,३९,९६२।५२	आर्थिक अनियमितता

			इन्जिनियर बसन्त निधि र सव-इन्जिनियर दिलिपकुमार जैसवाल				
१८	कात्तिक ०४	२०० ०६/१६	वडा सचिव कदिरबावु देवान	कटहरिया नगरपालिका वडा नं.८	सरकारी रकम हिनामिना	१२,५६,२७५	आर्थिक अनियमितता
१९	कात्तिक ०४	२०१ ०६/१६	सहायक पाँचौ मनोजकुमार झा	२ नं. प्रदेश मुख्यमन्त्रीको कार्यालय जनकपुर	सरकारी रकम हिनामिना	३,५९,१३८	आर्थिक अनियमितता
२०	कात्तिक ०१	२०५ ०६/१६	अध्यक्ष नरबहादुर गुरूङ र कोषाध्यक्ष कृष्ण बहादुर गुरूङ	ग्रामीण विकास समाज, धरमपानी, तनहुँ	विद्युतीकरणको लागि निकासा भएको रकम हिनामिना	१९,४०,९२६।८९	आर्थिक अनियमितता
२१	असोज ३०	२११ ०६/२९	नापी सर्भेक्षकद्वय सिद्धराज जोशी र वीरभद्र जोशी	नापी कार्यालय भक्तपुर	जग्गाको फिल्ड नाप जाँच गर्ने क्रममा फिल्ड खर्च भनी घुस/रिसवत माग	८,०००	रङ्गेहात
२२	असोज ३०	२१० ०६/२९	सहायक वन अधिकृत पर्शुराम चौधरी र निजका घरधनी मनोज कुमार शर्मा	सव डिभिजन वन कार्यालय, प्रतापपुर, नवलपरासी (वर्दघाट-सुस्ता पश्चिम)	नियन्त्रणमा लिएको ट्याक्टरको मुद्दा मिलाईदिने भनी घुस/रिसवत माग	६५,०००	रङ्गेहात
२३	असोज २९	२०९ ०६/२८	प्रहरी नायव निरीक्षक विपिन चन्द्र पन्त	महानगरीय प्रहरी प्रभाग थली, काठमाडौं	सवारी दुर्घटना मिलापत्र गरिदिएबापत घुस रकम माग	५,०००	रङ्गेहात
२४	असोज २९	१९६ ०६/१६	तत्कालीन गाविस सचिव द्वय जितेन्द्र कुमार मिश्र र सत्यदेव प्रसाद हजाम तथा उपभोक्ता समितिका अध्यक्ष विनोद साह गोढ	रीसिया नौ.त.ज.गाउँ विकास समिति पर्सा	सरकारी रकम हिनामिना	४,००,०००	आर्थिक अनियमितता
२५	असोज ०९	१९३ ०६/०८	प्रहरी जवान गम्हिरा साह तेली	जिल्ला प्रहरी कार्यालय पर्सा	आयुर्वेदिक औषधीको रकम फिर्ता गराउन दिएको उजुरीको काम गर्ने सिलसिलामा आफ्नो जिम्मेवारी र पदीय दायित्व विपरीत	५,०००	रङ्गेहात

					घुस/रिसवत माग		
२६	असोज ०९	१८९ ०६/०७	प्र.अ. घनश्यामराज काफ्ले, लेखापाल बद्रीप्रसाद पराजुली र सहायक प्र.अ.भरत बिक्रम बि.सी.	पशुपति मित्र माध्यमिक विद्यालय, चावहिल	विद्यालयको क्यान्टिन निर्माण सम्पन्न पश्चात मूल्याङ्कन गरी रकम निकासा गर्ने प्रयोजनको लागि घुस/रिसवत माग	१,५०,०००	रङ्गेहात
२७	असोज ०८	१९० ०६/०७	निमित्त कार्यालय प्रमुख गंभिर सिंह बिष्ट, अधिकृत(सातौं) भुवन जोशी र अधिकृत(छैठौं) जयराज कारीगर	यातायात व्यवस्था कार्यालय सेती	एक आपसमा मिलेमतो गरी गाडी बिक्री गरी नाससारी गरिदिएबापत घुस/रिसवत माग	१५,०००	रङ्गेहात
२८	असोज ०८	१९१ ०६/०८	कार्यालय प्रमुख छेदिलाल साह सोनार	नेपाल विधुत प्राधिकरण, सिरहा वितरण केन्द्र, औरही सिरहा	करारको कर्मचारीमा भर्ना गरिदिन्छु भनी प्रलोभनमा पारी सेवाग्राहीसँग घुस/रिसवत माग	३,८०,०००	रङ्गेहात
२९	असोज ०८	१८६ ०६/०२	शाखा अधिकृत अनोजकुमार घिमिरे, शाखा अधिकृत कोमलराज निरौला र नायव सुब्बा हेम कुमार वस्नेत तथा सुन्दर अधिकारी	यातायात व्यवस्था कार्यालय, जगाती, भक्तपुर	नक्कली भारतीय सवारीचालक अनुमतिपत्र मोटो रकम लेनदेन गरी नेपालीकरण गरेको	-	अन्य
३०	असोज ०८	१८१ ०६/०२	तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्द्र बहादुर कार्की र तत्कालीन लेखा अधिकृत राजेश काफ्ले	षडानन्द नगरपालिका, भोजपुर	व्यापारीहरूसँग साँठगाँठ गरी निजहरूको मिलेमतोमा विभिन्न सामानहरू खरिद गरी भुक्तानी गरेको	१६,५६,९०४।१७	आर्थिक अनियमितता
३१	असोज ०७	१८८ ०६/०७	प्रहरी सहायक निरीक्षक श्याम बहादुर माझी	अस्थायी ट्राफिक प्रहरी पोष्ट नेपालथोक दुम्जा सिन्धुली	काठमाडौंबाट सिन्धुली हुँदै बाहिरिने सवारी साधनलाई ७:०० बजे भन्दा पछि केही समय ढिला भएमा सिन्धुलीतर्फ जान दिने भनी	१०,०००	रङ्गेहात

					सेवाग्राहीसँग घुस/रिसवत माग		
३२	असोज ०७	१६९ ०५/३०	तत्कालीन महाप्रबन्धक गंगा तिमसिनासमेत १० जना	दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय, लैनचौर समेत	ठेकेदार कम्पनीसँग मिलेमतो गरी टेण्डर नगरी पुनः सम्झौता गरी संस्थानलाई ठूलो आर्थिक नोक्सानी पुर्‍याएको	४६,७९,१८२।३५	आर्थिक अनियमितता
३३	असोज ०७	१८२ ०६/०२	प्रहरी नायव निरीक्षक देवराज बि.सी.	क्षेत्रीय प्रहरी तालिम केन्द्र, नेपालगञ्ज	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
३४	असोज ०६	१४५ ०५/२४	शिक्षिका कृपादेवी पटेल,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया, प्र.अ.रामवेलास प्रसाद पटेल र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय दशौता जानकीटोला पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	५,८५,३६०	आर्थिक अनियमितता
३५	असोज ०६	१४४ ०५/२४	शिक्षक अरविन्द गिरी,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री नेपाल राष्ट्रिय निम्न माध्यामिक विद्यालय विजबनिया पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	४,४०,८२४	आर्थिक अनियमितता
३६	असोज ०६	१४३ ०५/२४	शिक्षक राजेश कुमार यादव,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री नेपाल राष्ट्रिय निम्न माध्यामिक विद्यालय विजबनिया पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	५,९१,७६०	आर्थिक अनियमितता
३७	असोज ०६	१४२ ०५/२४	शिक्षक शिवशंकर प्रसाद यादव, (वि. नि.) राजेश्वर प्रसाद चौरसिया र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री रामजानकी प्राथमिक विद्यालय विजबनिया पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	६,४१,७१०	आर्थिक अनियमितता
३८	असोज ०६	१४१ ०५/२४	शिक्षक धर्मेन्द्र ठाकुर हजाम,(वि. नि.) राजेश्वर प्रसाद	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मसिहानी पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता	७,५४,२१०	आर्थिक अनियमितता

			चौरसिया र प्र.अ. रामवेलास प्रसाद पटेल		गरेको		
३९	असोज ०६	१४० ०५/२४	शिक्षक दुलारचन प्रसाद कुर्मी,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय पिडारीगुठी पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	५,१९,०३०	आर्थिक अनियमितता
४०	असोज ०६	१३९ ०५/२४	शिक्षक रमेश शर्मा,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया र प्र.अ. रामवेलास प्रसाद पटेल	श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय पाण्डेपुर पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	६,५४,२१०	आर्थिक अनियमितता
४१	असोज ०६	१३८ ०५/२४	बालविकास सहयोगी रुवी कुमारी, (वि. नि.) राजेश्वर प्रसाद चौरसिया र प्र.अ. रामवेलास प्रसाद पटेल	श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	१,०४,०००	आर्थिक अनियमितता
४२	असोज ०६	१३७ ०५/२४	शिक्षक उमाशंकर यादव,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया, प्र.अ. रामवेलास प्रसाद पटेल र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	७,०४,२१०	आर्थिक अनियमितता
४३	असोज ०६	१३६ ०५/२४	शिक्षक हरिओम कुमार साह,(वि. नि.) राजेश्वर प्रसाद चौरसिया, प्र.अ. रामवेलास प्रसाद पटेल र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरेको	५,७९,२१०	आर्थिक अनियमितता
४४	असोज	१७४	नायव सुब्बा	वाणिज्य आपूर्ति तथा	पुँजी बृद्धि तथा शाखा	२,०००	रङ्गेहात

	०२	०६/०२	पुरूषोत्तम पोखरेल र कर सहयोगी/सहजकर्ता केदार प्रसाद न्यौपाने	उपभोक्ता संरक्षण विभाग काठमाडौं	विस्तारको लागि घुस रकम लिएको		
४५	असोज ०२	१५१ ०५/२६	वरिष्ठ सहायक पशुपति सापकोटा	श्री विशालबजार कम्पनी लिमिटेड, धर्मपथ काठमाडौं	गान्धी उच्च मा.वि. मनोहरा, काठमाडौंबाट प्राप्त मध्यमा तह (एस.एल.सी.) को झुठ्ठा एवं नक्कली शैक्षिक प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
४६	असोज ०२	१५० ०५/२६	प्र.ना.नि. बिनोदमान राजभण्डारी	महानगरीय प्रहरी वृत्त, थानकोट	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
४७	असोज ०१	१७२ ०५/३०	ईन्जिनियर भोगेन्द्र प्रसाद साह, ईन्जिनियर निश्चल काफ्ले, सव-ईन्जिनियर रोशन बजगाईं र सव-ईन्जिनियर सरिता दहाल	जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, सिन्धुपाल्चोक	बिभिन्न उपभोक्ता समितिहरु तथा अन्य कम्पनीहरूसंग घुस रकम लिएको	६,९९,०००	रङ्गेहात
४८	असोज ०१	१७० ०५/३०	कार्यालयप्रमुख सि.डि.ई. प्रकाश अधिकारी, संचालक नरोत्तम श्रेष्ठ, संचालक गोमा श्रेष्ठ, प्रबन्ध संचालक प्रदिप श्रेष्ठ र निर्देशक प्रेमलाल श्रेष्ठ	जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखा	शबिभिन्न उपभोक्ता समितिहरु तथा अन्य कम्पनीहरूसंग घुस रकम लिएको	५,९३,२५०	रङ्गेहात
४९	असोज ०१	१७१ ०५/३०	कार्यालयप्रमुख सि.डि.ई. प्रकाश अधिकारी र सव-ईन्जिनियर सुधिर कुमार साह	जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखा	शबिभिन्न उपभोक्ता समितिहरु तथा अन्य कम्पनीहरूसंग घुस रकम लिएको	१३,३८,५००	रङ्गेहात
५०	असोज ०१	१३५ ०५/२४	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया,	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता	७,०७,५९०	आर्थिक अनियमितता

			प्र.अ.रामवेलास प्रसाद पटेल र प्र.अ.महेश प्रसाद यादव		गरेको		
५१	असोज ०१	१३४ ०५/२४	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, बालविकास सहयोगी उषा कुमारी राम र प्र.अ.हकिम अन्सारी	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	८०,०००	आर्थिक अनियमितता
५२	असोज ०१	१३३ ०५/२४	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, शिक्षिका बबिता कुमारी देवी र प्र.अ.हकिम अन्सारी	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	१,१८,८५०	आर्थिक अनियमितता
५३	असोज ०१	१३२ ०५/२४	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, शिक्षक वीरेन्द्र महरा चमार, भूतपूर्व प्रधानाध्यापक महेश प्रसाद यादव र प्र.अ.हकिम अन्सारी	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	५,८५,३६०	आर्थिक अनियमितता
५४	असोज ०१	१३१ ०५/२४	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया र राहत शिक्षक नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	४,२०,०००	आर्थिक अनियमितता
५५	असोज ०१	११८ ०५/१९	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया र	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता	४,१५,०००	आर्थिक अनियमितता

			शिक्षक अब्दुल्लाह राउत गदी		गरेको		
५६	असोज ०१	११७ ०५/१९	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, शिक्षक लालबाबु साह र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	२,१९,०३०	आर्थिक अनियमितता
५७	असोज ०१	११६ ०५/१९	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, प्र.अ. हकिम अन्सारी र भूतपूर्व प्र.अ. महेश प्रसाद यादव	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	३,१४,०००	आर्थिक अनियमितता
५८	असोज ०१	११५ ०५/१९	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, फिरोज आलम र महेश प्रसाद यादव	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	३,३८,८५०	आर्थिक अनियमितता
५९	असोज ०१	११४ ०५/१९	शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया, जितेन्द्र प्रसाद कुर्मी र नागेन्द्र प्रसाद	जगरनाथपुर गाउँपालिका, पर्सा	राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा घुस रकम लेनदेन गरी अनियमितता गरेको	६,२६,५६०	आर्थिक अनियमितता
६०	असोज ०१	१६० ०५/२६	प्र.ना.नि. पुष्पा कुमारी के.सी.	इलाका प्रहरी कार्यालय खैरहनी, चितवन	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
६१	भदौ ३१	१७३ ०५/३१	शाखा अधिकृत अर्जुन प्रसाद पराजुली र नायव सुब्बा राजेन्द्र कुमार के.सी.	विद्यालय शिक्षक किताबखाना, ताहाचल, काठमाडौं	शिक्षकबाट राजिनामा दिए पश्चात गोल्डेन हेण्डसेक बापतको रकम कलमको रेकर्ड मिलान गरी दिनका लागि घुस रकम माग	१५,०००	रङ्गेहात

६२	भदौ ३०	१६८ ०५/३०	खरिदार रामहरि सुवेदी र कृष्णप्रसाद घिमिरे	मालपोत कार्यालय कलंकी	सेवाग्राही तथा सेवाप्रदायकबीचमा रिसवत लेनदेन गरेको	२,०००	रङ्गेहात
६३	भदौ ३०	१६७ ०५/३०	नायव सुब्बा ईश्वरी प्रसाद पोखेल, लेखापढी व्यवसायी बिश्वम्भर मैनाली र ईन्द्रावती खत्री	मालपोत कार्यालयहरू ललितपुर, कलंकी, भक्तपुरसमेत	कर्मचारीहरूसमेतलाई काम गराएवापत रकम दिनुपर्ने र रकम नदिए काममा ढिलासुस्ती गरी सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग्ने गरेको	४,०००	रङ्गेहात
६४	भदौ ३०	१६६ ०५/३०	नायव सुब्बा ईश्वरी प्रसाद पोखेल र तुलसी प्रसाद नेपाल	मालपोत कार्यालय कलंकी	कर्मचारीहरूसमेतलाई काम गराएवापत रकम दिनुपर्ने र रकम नदिए काममा ढिलासुस्ती गरी सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग्ने गरेको	२,०००	रङ्गेहात
६५	भदौ २९	१६५ ०५/२९	खरिदार जिवनाथ पाण्डे र लेखापढी व्यवसायी कमल प्रसाद पाण्डे	मालपोत कार्यालय बुटवल	जग्गा नामसारी र लालपूर्जा दिने कार्यको सहजीकरणका लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस/रिसवत माग	१,२०,०००	रङ्गेहात
६६	भदौ २९	१४८ ०५/२६	हे.अ.अधिकृत छैठौं भरत प्रसाद उपाध्याय र प.हे.न. राधिका देवी शर्मा	स्वास्थ्य कार्यालय म्याग्दी	बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गरेको	६,५८,५१३।६०	आर्थिक अनियमितता
६७	भदौ २९	१४७ ०५/२६	लेखापाल जयसिंह राय थारू	जिल्ला प्रशासन कार्यालय बारा	सम्पन्न भइसकेको कामको भुक्तानी भइसकेपछि पनि रकम माग	२५,०००	रङ्गेहात
६८	भदौ २६	१४६ ०५/२६	सव-इन्जिनियर आकाश श्रेष्ठ	बनेपा नगरपालिका वडा नं.११ काभ्रे	महाभूकम्पले पूर्ण क्षति भएको घर निर्माणको लागि नेपाल सरकारले प्रदान गरेको राहतको किस्ता रकम निकासीको लागि स्थलगत निरीक्षण प्रतिवेदन तयार गर्ने	२५,०००	रङ्गेहात

					प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग		
६९	भदौ २४	१२९ ०५/२२	वन अधिकृत (आठौं तह) सुरेशचन्द्र डि.सि. र सुसन जोशी	लानाकेदारेश्वर सव डिभिजन वन कार्यालय बी.पी. नगर डोटी	सरूवा भई डिभिजन वन कार्यालय कञ्चनपुर हाजिर हुन जाने क्रममा सेवाग्राहीको काठको छुट पुर्जीको सिफारिस लगायत कागजी प्रक्रिया सहज गरिदिए बापत घुस रिसवत बुझी धनगढीतर्फ गइरहेकोमा पक्राउ	५,४५,०००	रङ्गेहात
७०	भदौ २४	१०८ ०५/१९	शिक्षिका (मुखीया) विष्णु कुमारी पराजुली	साविक पोखरा नगरपालिका हाल पोखरा महानगरपालिका वडा नं.१० कास्की	मध्यमा तहको झुठ्ठा (नक्कली) शैक्षिक योग्यताको प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाण-पत्र
७१	भदौ २३	११९ ०५/१९	त.अध्यागमन अधिकृत सुरेश सुवेदी	अध्यागमन विभाग	कर्मचारीहरूले मिलेमतोमा रेकर्डसमेत नराखी गैर-पर्यटकीय भिसाबापतको रकम सरकारको राजस्व खातामा दाखिला नगरी गैर-पर्यकटीय भिसा दिई प्रस्थान अनुमतिसमेत दिइसके पछि लेनदेनमा कुरा नमिली पुनः पक्राउ	४,८६,०२२	आर्थिक अनियमितता
७२	भदौ २३	१२८ ०५/२२	मालपोत अधिकृत (शाखा अधिकृत) अविनाश कुँवर	मालपोत कार्यालय कास्की	जग्गाको रजिष्ट्रेशन पास गर्नका लागि घुस/रिसवत माग	५९,०००	रङ्गेहात
७३	भदौ २३	११३ ०५/१९	कार्यालय प्रमुख(पाचौ तह) बिजय कुमार महरा र फोरम्यान (चौथो तह) का मेघराज काफ्ले	नेपाल विद्युत प्राधिकरण, त्रिवेणी उप-वितरण केन्द्र, नवलपरासी (पूर्व)	श्रीफेज लाइन जडान गर्न सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	१,३६,५५५	रङ्गेहात
७४	भदौ २२	१२७ ०५/२२	सहायक वन अधिकृत अनिल कुमार गुप्ता	बाँसगढी सव डिभिजन वन कार्यालय बर्दिया	उपभोक्ता समितिको काठ मिलमा चिरान सिफारिस गरे बापत सेवाग्राहीसँग घुस/रिसवत माग	१०,०००	रङ्गेहात

७५	भदौ २२	१२६ ०५/२०	नापी सर्भेक्षक मोहन यादव	जिल्ला अदालत महोत्तरी	जिल्ला अदालतमा दर्ता भएको मुद्दाको सम्बन्धमा स्थलगत नापजाँच गरी घर नक्शा अनुसार नभएको भनि विभिन्न बहाना बनाइ उक्त मुद्दा मिलाई दिन्छु भनि सेवाग्राहीसँग घुस/रिसवत माग	१,०००	रङ्गेहात
७६	भदौ २०	९४ ०५/१२	त.प्रधानाध्यापक हरिराम भण्डारी, शिक्षक केशव बहादुर बस्नेत र त.विद्यालय निरीक्षक कुमार प्रसाद तिमिल्सिना	श्री सुलक्षणा माध्यमिक विद्यालय विदुर, नुवाकोट	आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतसाथ नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुर्याएको	२३,९९९।६७	आर्थिक अनियमितता
७७	भदौ २०	१११ ०५/१९	वडा अध्यक्ष मो.रफिक आलम, वडा सदस्य कारी साहु तेली र निजको छोरा मुकेश साह	भँगाहा नगरपालिका वडा नं.- ८, महोत्तरी	योजना सम्पन्न भएको सिफारिस गरेको र रकम भुक्तानी लिन सहज गराई दिए बापत घुस/रिसवत माग	१,६०,०००	रङ्गेहात
७८	भदौ २०	११२ ०५/१९	गंगालाल श्रेष्ठ	सुर्यविनायक नगरपालिका वडा नं.-५ सल्लाघारी	प्रहरी कर्मचारीलाई जुवा/तास खेल्न, खेलाउन सहज वातावरण बनाईदिन भनी घुस/रिसवतबापत दिएको देखिन खोजेको	४०,०००	रङ्गेहात
७९	भदौ १९	९७ ०५/१२	त.शाखा प्रवन्धक टिका प्रसाद दुलाल, त.सहायक प्रवन्धक नवराज खत्री, कर्जा इन्चार्ज श्री प्रल्हाद खड्का, त.डिभिजन प्रमुख इ.बुद्धि सागर थापा, डाइरेक्टर श्री उमेश कुमार भण्डारी र प्रोपाइटर श्री अर्जुन वहादुर	राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय चरिकोट	कपन स्वास्थ्य चौकी भवन निर्माणको शुरू ठेक्का अवधि समाप्त भएपश्चात पनि सम्पन्न हुन नसकी रूग्ण अवस्थामा राखी रकम हिनामिना	६२,४०,५४०	आर्थिक अनियमितता

			थापा				
८०	भदौ १९	९५ ०५/१२	त.गाविस सचिव मणि प्रसाद राई	साविक दाँगपा गाविस,तेह्रथुम	मृतक व्यक्तिका नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी हिनामिना	२,०९,७००	आर्थिक अनियमितता
८१	भदौ १८	१०५ ०५/१७	नायव सुब्बा सिंह बहादुर कुँवर र खरिदार नरराज पाण्डे	मालपोत कार्यालय टीकापुर कैलाली	जमिनको हराएको लालपुर्जाको सम्पूर्ण कागजात तयार गरी प्रतिलिपि बनाउनका लागि जग्गा नाप जाँच गरिदिए बापत घुस रिसवत माग	८,०००	रङ्गेहात
८२	भदौ १८	१०४ ०५/१७	अध्यक्ष केदार गिरी र प्र.अ. लेखनाथ उपाध्याय	श्री सिद्धार्थ माध्यमिक विद्यालय पाल्हिनन्दन गाउँपालिका वडा नं. ३ कुशुम्हा, नवलपरासी	शिक्षकको सरुवा सहमति तथा रमाना गरी दिने प्रयोजनका लागि घुस रिसवत माग	६५,०००	रङ्गेहात
८३	भदौ १८	१०३ ०५/१७	कार्यालय सहयोगी (पाँचौ तह) कान्छा भण्डारी र जग्गा कारोवारी ईश्वर के.सी.	मालपोत कार्यालय मनमैजु, काठमाडौं	जग्गा रोक्का राख्न आउने व्यक्तिहरुसँग जग्गा रोक्का राख्न सहज गरिदिने भनी घुस रिसवत माग	३५,०००	रङ्गेहात
८४	भदौ १८	७३ ०५/०५	त.निमित्त कार्यालय प्रमुख रघुपती चौधरी	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय, पोखरा	कफी खेतीको प्रवर्द्धनका लागि कृषकहरूलाई उपलब्ध गराएको रकम हिनामिना	६३,५७७	आर्थिक अनियमितता
८५	भदौ १७	१०२ ०५/१६	अनुसन्धान सहायक विरेन्द्र प्रसाद पाण्डे र फलफूल पसले विरेन्द्र बर्मा	राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रूपन्देही	भारततर्फबाट घरायसी प्रयोजनका सामानहरू ल्याउने क्रममा घुस/रिसवत माग	३,०००	रङ्गेहात
८६	भदौ १७	१०० ०५/१२	त.सचिव लिल प्रसाद श्रेष्ठ र चित्र बहादुर बस्नेत क्षेत्री	साविक तिलाहार गाउँ विकास समिति, पर्वत	बाख्रापालनतर्फको सरकारी रकम हिनामिना	४०,०००	आर्थिक अनियमितता
८७	भदौ १७	९२ ०५/१२	सव-इन्जिनियर भिमदेव भट्टराई	सरावल गाउँपालिका, नवलपरासी (बर्दघाट सुस्तापश्चिम)	नालीको बढी मूल्याङ्कनसमेत गरी सरकारी रकम हिनामिना	३,६१,०८१।४५	आर्थिक अनियमितता
८८	भदौ १७	८९ ०५/१२	प्रहरी नायब निरीक्षक सुरेश	जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु	नक्कली शैक्षिक प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाणपत्र

			बहादुर थापा				
८९	भदौ १७	८५ ०५/१२	शिक्षक नन्दलाल तिरूवा	भानु माध्यमिक विद्यालय, कंञ्ज, शंकरपुर, कञ्चनपुर	नक्कली शैक्षिक प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाणपत्र
९०	भदौ १५	७५ ०५/०५	त.अध्यक्ष लालबहादुर रावत, कोषाध्यक्ष हस्त बहादुर शाही,लेखापरीक्षक बालकृष्न खरेल र लेखापरीक्षण प्रतिबेदन तयार गर्ने वीरेन्द्र जंग शाही	जिल्ला खेलकुद विकास समिति, मुगु	विद्यालयको खेल मैदान निर्माणको लागि विनियोजित रकम हिनामिना	१,२०,०००	आर्थिक अनियमितता
९१	भदौ १५	१०१ ०५/१३	प्रहरी हवल्दार रामहरि मानन्धर र प्रहरी जवान हरिचन्द्र बानियाँ	जिल्ला ट्राफिक प्रहरी कार्यालय, काभ्रेपलान्चोक, बनेपा	नदीजन्य पदार्थ ढुवानी गरे वापत विभिन्न कारण देखाई दुःख हैरानी दिई घुस/रिसवत माग	८,१००	रङ्गेहात
९२	भदौ १३	८४ ०५/१२	कार्यालय प्रमुख हरि कुमार पोखरेल, इन्जिनियर पवित्रमणि आचार्य र निर्माण व्यवसायी ऋषी गौतम	डिभिजन सडक कार्यालय, पोखरा	सडक स्तरोन्नतिको लागि मोविलाईजेसन पेश्की दिएबापत निर्माण व्यवसायीले घुस रकम लिएदिएको	७,००,०००	रङ्गेहात
९३	भदौ १३	८३ ०५/११	निमित्त कार्यालय प्रमुख (जनस्वास्थ्य निरीक्षक) भीम प्रसाद आचार्य, स्टोरकिपर (अधिकृत छैठौं) रघुनाथ रेग्मी, लेखापाल हरिशंकर शर्मा	जिल्ला स्वास्थ्य कार्यालय, म्यागदी	सेवाग्राहीले संचालन गरेको कार्यक्रमको पेश्की फछ्यौंट गर्ने गराउने बहानामा घुस रकम माग	१,३०,०००	रङ्गेहात
९४	भदौ १०	८२ ०५/०९	सव-इन्जिनियर उमेश मण्डल	नगराइन नगरपालिका, धनुषा	योजनाहरूको कार्य सम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी लिन सहज गराई दिए वापत सेवाग्राहीसँग घुस/रिसवत माग	५५,०००	रङ्गेहात
९५	भदौ १०	८१ ०५/०९	ना.सु. हरि नारायण उपाध्याय र	भूमिसुधार तथा मालपोत कार्यालय,भक्तपुर	कार्यालय समय पश्चात तथा कार्यालयको अन्तिम	४,०००	रङ्गेहात

			लेखापढी व्यवसायी हिरामणी निरौला		समयमा सेवाग्राहीहरूको भीडभाड कम भए पश्चात लेखापढी व्यवसायीहरूसँग घुस/रिसवत माग गर्ने गरेको		
९६	भदौ १०	८० ०५/०९	शिक्षक गणेश के.सी	श्री माध्यमिक विद्यालय रझेना घोराही, दाङ्ग	डिप्लोमा इन सिभिल इन्जिनियरिङको प्रवेश परीक्षा उतीर्ण गराइदिन सहजीकरण गरिदिने बहानामा परीक्षार्थीहरूसँग घुस/रिसवत माग	१०,०००	रङ्गेहात
९७	भदौ ९	७९ ०५/०८	नायव सुब्बा मिथिलेश्वर ठाकुर	भूमिसुधार तथा मालपोत कार्यालय, सिरहा	मोहीको लगत कट्टा गर्ने प्रयोजनको लागि घुस/रिसवत माग	५,०००	रङ्गेहात
९८	भदौ ८	७८ ०५/०८	अधिकृत (आठौं) चन्दनकुमार अमात्य	उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा मकवानपुर	उद्योग दर्ता गर्न IEE प्रतिवेदन स्वीकृत गर्ने प्रयोजनको लागि विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत माग	५०,०००	रङ्गेहात
९९	भदौ ८	७७ ०५/०६	मुख्य अधिकृत गिरिराज कोइराला	पूर्वाञ्चल विश्वविद्यालय,चिकित्साशास्त्र संकाय डिनको कार्यालय, विराटनगर	कलेजका विद्यार्थीहरूको समस्या समाधान गरिदिने भनी घुस रकम माग	६,७५,०००	रङ्गेहात
१००	भदौ ८	७६ ०५/०६	नायब सुब्बा सनोज महतो	जिल्ला प्रशासन कार्यालय, बारा	पुरानो मुद्दाको पेशी चढाई चाँडै मुद्दा सकिदिने भनी विभिन्न बहाना बनाइ सेवाग्राहीसँग घुस/रिसवत माग	१०,०००	रङ्गेहात
१०१	भदौ ६	६५ ०५/०५	प्रहरी हवल्दार भक्त बहादुर हायु र प्रहरी जवान ज्ञानबहादुर लामगादे	प्रहरी चौकी, पाँचखाल काभ्रे	मोटर साईकल गस्तीमा हिंड्ने प्रहरी कर्मचारीहरू समेतले चेक गर्ने बहानामा दुःख हैरानी दिंदै घुस	२,०००	रङ्गेहात
१०२	भदौ ६	६६ ०५/०५	सर्भेक्षक मागैन महतो र लेखापढी व्यवसायी राम नारायण पोदार	नापी कार्यालय इनरूवा सुनसरी	जग्गा नापजाँच गरी नक्सा सुधार गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग	११,०००	रङ्गेहात

१०३	भदौ ४	६४ ०५/०३	ई.कमल प्रसाद सिटौला, ई.विश्वेश्वर प्रसाद शाह, ई.हरी प्रसाद चौधरी, ई.आनन्दलाल प्रसाद साह र स.चालक टंक प्रसाद ओझा	कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुर बर्दिया	निर्माण योजना तारजालीमा ढुङ्गा भर्ने कामको विल रकम भुक्तानी गरे वापत सेवाग्राहीसँग घुस रकम माग	१५,००,०००	रङ्गेहात
१०४	भदौ ४	५१ ०४/२३	सव-ई. सल बहादुर बुढा	साना सिँचाई कार्यक्रम, दैलेख	नक्कली शैक्षिक प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाणपत्र
१०५	भदौ ३	५२ ०४/२३	ई.नविन शर्मा, सब-ई. शिव शंकर पोखेल, उपभोक्ता समितिका अध्यक्ष, भुवान सिंह ठकुरी, कोषाध्यक्ष श्रीमती टिगा वली र सचिव नन्द सिंह ठकुरी	सिम्ता गाउँपालिका सुर्खेत	गलत प्रतिवेदन पेश गरी बढी भुक्तानी दिईएको	४,५६,४३१।३५	आर्थिक हिनामिना
१०६	भदौ ३	६३ ०५/०३	नायव सुब्बा देउमान कडरिया	दिब्येश्वरी जग्गा एकिकरण आयोजना, सानोठिमी,भक्तपुर	जग्गाको लालपुर्जा बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग	५०,०००	रङ्गेहात
१०७	भदौ २	५० ०४/२३	शिक्षक बीरबहादुर बुढा	श्री चन्द्रसूर्य आधारभूत विद्यालय, सिंजा, जुम्ला	नक्कली शैक्षिक प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाणपत्र
१०८	भदौ २	६० ०४/३०	प्रहरी जवान देबेन्द्र बलायर, प्रहरी जवान हिटलर साउद र प्रहरी जवान लोकेन्द्र थापा	महानगरीय ट्राफिक प्रहरी नयाँ बसपार्क, गंगबु	सवारी दुर्घटनाको पुलिस रिपोर्ट बनाईदिने भनि घुस रिसवत माग	१,००,०००	रङ्गेहात
१०९	भदौ १	६१ ०५/०१	जनस्वास्थ्य अधिकृत राम अवतार गुप्ता र स्वास्थ्य शिक्षा प्रशिक्षण प्रशासक डा.भक्तबहादुर के.सी.	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, टेकु काठमाडौं	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र टेकुबाट कोटेशन मार्फत स्वास्थ्य सन्देशमूलक कार्यक्रम उत्पादन तथा प्रचारप्रसार गर्न दिई कार्य सम्पन्न गरी भुक्तानि गरे पश्चात कमिशन बापत घुस रिसवत माग	१,००,०००	रङ्गेहात

११०	साउन ३०	५९ ०४/३०	प्रहरी जवान तेज प्रसाद भट्टराई	हिगुवापाटी ट्राफिक पोष्ट काभ्रे	नदिजन्य पदार्थ ढुवानी गरे वापत विभिन्न बहाना गरी घुस रिसवत माग	२,०००	रङ्गेहात
१११	साउन २८	३९ ०४/१६	ई. किशोर यादव र ई. माधव प्रसाद यादव	कलैया उपमहानगरपालिका, बारा	सडक ढलान गर्ने काममा उपभोक्ता समितिले लागत इष्टिमेटअनुसारको नापीमा निर्माण कार्य नगरी खिया लागेको कमसल फलामको डण्डी र न्यून गुणस्तरको सिमेन्ट प्रयोग गरी रकम हिनामिना गरेको	५,७१,२६९।५०	आर्थिक हिनामिना
११२	साउन २७	५३ ०४/२६	इन्जिनियर जगदिश प्रसाद साह र सब-इन्जिनियर उमा श्रेष्ठ	गोलबजार नगरपालिका, सिरहा	विद्यालयको शौचालय निर्माणको कार्य सम्पन्न पश्चात भुक्तानीको दिने प्रयोजनको लागिघुस रकम माग	५०,०००	रङ्गेहात
११३	साउन २७	५७ ०४/२६	इन्जिनियर रामजी बाबु यादव	रामनगर गाउँपालिका, सर्लाही	विद्युत जडान गर्ने कार्यको क्रममा भुक्तानी प्रकृयाको सहजीकरण गरिदिएबापत घुस रिसवत माग	५०,०००	रङ्गेहात
११४	साउन २७	५६ ०४/२६	कम्प्युटर अपरेटर प्रकाश पौडेल	डिभिजन सडक कार्यालय, दमौली	सडक स्तरोन्नति सम्बन्धी योजनाको भुक्तानी गरिदिए बापत विभिन्न बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग	१,७५,०००	रङ्गेहात
११५	साउन २७	५५ ०४/२६	सशस्त्र प्रहरी जवान बलराम यादव	सशस्त्र प्रहरी बल नेपाल नं.४ गण, इनरूवा, सुनसरी	व्यापार व्यवसाय सहज बनाइदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग	१,५०,०००	रङ्गेहात
११६	साउन २६	५४ ०४/२६	खरिदार (प्रा.) पुष्कर अधिकारी	घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, दोलखा	होटल व्यवसाय दर्ता गरिदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरेको	४,०००	रङ्गेहात
११७	साउन २६	४३ ०४/२३	प्रहरी नायव निरीक्षकद्वय रमेश बहादुर पाण्डे र राजु स्वर्णकार	महानगरीय प्रहरी बृत्त गौशाला काठमाडौं	अनुसन्धानको सिलसिलामा थुनामा रहेका व्यक्तिलाई छिटो थुनामुक्त गराइदिने भनी सेवाग्राहीसँग घुस रकम	१८,०००	रङ्गेहात

					माग		
११८	साउन २४	३८ ०४/१६	वडा सचिव (खरिदार) गणेश प्रसाद रिजाल समेत २ जना	तत्कालीन बदालकोट गा.वि.स. हाल जिल्ला दैलेख, भैरवी गाउँपालिका वडा नं. ३	नेपाल सरकारको रकम खाइमासी दुरुपयोग तथा हिनामिना गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको	१०,००,०००	आर्थिक हिनामिना
११९	साउन २३	२७ ०४/१६	प्रा.वि. शिक्षक सुशीलादेवी गौतम	श्री माध्यमिक विद्यालय,शुद्दोधन गाउँपालिका ,कपिलवस्तु	नक्कली शैक्षिक प्रमाणपत्र पेश	-	शैक्षिक प्रमाणपत्र
१२०	साउन २३	२० ०४/०९	तत्कालीन स्थानीय विकास अधिकारी पेशल कुमार पोखरेलसमेत ११ जना	साविक जिल्ला विकास समितिको कार्यालय, सल्यान	बिद्यालयको भवन निर्माणका लागि गठित उपभोक्ता समितिले प्राप्त रकम भवन निर्माण नगरी हिनामिना गरेको	-	आर्थिक हिनामिना
१२१	साउन २३	२१ ०४/०९	तत्कालीन गा.वि.स.सचिव टेक बहादुर डाँगी (क्षेत्री) समेत २ जना	सल्यान जिल्ला, साविक काप्रेचौर गा.वि.स.	लक्षित वर्गको कार्यक्रम अन्तर्गत बालबालिकाको कार्यक्रमको लागि छुट्याईएको रकम हिनामिना गरेको	३३,८,६०	आर्थिक हिनामिना
१२२	साउन २३	४२ ०४/२२	कार्यालय प्रमुख (उप-सचिव प्राविधिक) भक्त बहादुर लामा	डिभिजन वन कार्यालय, कर्णाली प्रदेश सुर्खेत	सुर्खेतदेखि बाँके जिल्लासम्म काठ लैजानको लागि लिएको छोडपूर्जीको म्याद थप गरिदिने प्रयोजनको लागि घुस रकम माग गरेको	४,००,०००	रङ्गेहात
१२३	साउन २२	४१ ०४/२१	प्रहरी नायव निरीक्षक भिम बहादुर कटुवाल र प्रहरी जवान भरत कटुवाल	अस्थायी ट्राफिक प्रहरी पोष्ट कोशी कटान, सुनसरी	काँकडभिट्टा - काठमाडौं चल्ने गाडी संचालनमा सहजता गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग	५,०००	रङ्गेहात
१२४	साउन २२	१४ ०४/०९	सर्भेक्षक राजेश कर्माचार्य	नापी कार्यालय,चितवन	सेवाग्राहीसँग जग्गाको कित्ताकाट गरेबापत घुस रकम माग गरी लिएको	२०,०००	रङ्गेहात
१२५	साउन २१	४० ०४/२०	प्रहरी सहायक निरीक्षक प्रेम बहादुर थापा	प्रहरी चौकी बगाह, रूपन्देही	हार्डवेयरका सामानहरू बिक्री बितरणको लागि सहज बनाइदिने भनि घुस रिसवत माग	३,५००	रङ्गेहात

१२६	साउन २१	३४ ०४/१६	तत्कालीन डिभिजन प्रमुख अजित कुमार श्रीवास्तव, तत्कालीन इन्जिनियर नविन कुमार यादव, तत्कालीन सवइन्जिनियर संजय साह र उपभोक्ता समितिका अध्यक्ष कलाम अक्तर	सिंचाइ विकास डिभिजन कार्यालय, गौर, रौतहट	नेपाल सरकारलाई गैरकानूनी हानी पुर्याई आफूहरूलाई गैरकानूनी लाभ पुर्याएको	३,७२,०५१।३२	आर्थिक अनियमितता
१२७	साउन २१	३५ ०४/१६	स.व.अ. विनोद प्रसाद कानु,दुर्गादिप इन्टरप्राइजेज, काठमाडौंका प्रो.दुर्ग बहादुर खड्का, दिपक जडिबुटी सप्लायर्स एण्ड ट्रेडर्स सुर्खेतका प्रो. मान बहादुर वली र नेपाल हर्वल प्रोसेसिङ प्लान्ट,बाँकेका प्रो.लाल बहादुर वली	जिल्ला बन कार्यालय रूकुम	नक्कली इजाजतपत्र तयार गरी जिल्ला भित्रका जडिबुटीहरूको चोरी निकासी गराई आफ्नो पदको दुरुपयोग गरेको र ठूलो मात्रमा राज्यलाई प्राप्त हुने राजस्व चुहावट गरेको	-	आर्थिक अनियमितता
१२८	साउन १९	२६ ०४/१६	उपकुलपति प्रा.डा.राज कुमार रौनियार र निजको भतिज डा. रामहरी रौनियार	वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान	फार्मेसी भवन निर्माणको चौथो रनिङ बिल भुक्तानीका लागि घुस रकम माग	१,२८,००,०००	रङ्गेहात
१२९	साउन १५	२४ ०४/१५	सि.डि.ई. मोहन बाबु यादव	जलश्रोत तथा सिंचाइ विकास डिभिजन भोजपुर	छाँगे खोला सिंचाई योजना जल उपभोक्ता समितिको नियमानुसार भएको काममा समेत प्रतिशतमा रकमको वार्गेनिङ्ग गरी घुस रकम माग	१,८०,०००	रङ्गेहात
१३०	साउन १५	२३ ०४/१३	ई. राम प्रकाश सतरा	पचरौता नगरपालिका, बारा	विद्यालयको कम्पाउण्ड वाल निर्माण सम्पन्न भइ	१५,०००	रङ्गेहात

					रकम भुक्तानिको लागि घुस रकम माग		
१३१	साउन १४	२२ ०४/१३	ई. बसी अख्तर मोहम्मद	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्याङ्जा	खानेपानी आयोजनाको भुक्तानी दिएकोमा विभिन्न बहाना बनाई सेवाग्राहीसँग कमिशन वापत घुस रकम माग	४,००,०००	रङ्गेहात
१३२	साउन १४	१६ ०४/०९	प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) अर्जुन प्रसाद सुवेदी, उपसचिव मदन घिमिरे, शाखा अधिकृत ललनकुमार लाल कर्ण, लेखापाल दिनेश चौधरी र ना.सु. अव्दुल जव्वार र सत्या इन्टरप्राइजेजका प्रो.मनिष कुमार मिश्र	जनकपुर उपमहानगरपालिकाको कार्यालय जनकपुरधाम, धनुषा	निर्धारण गरेको दररेटभन्दा बढी मूल्यमा खरिद गरेका सामग्रीहरूको कागजातहरूको आधारमा भुक्तानी दिई अनियमितता गरेको	११,३५,४११।५७	आर्थिक अनियमितता
१३४	साउन १३	१७ ०४/०९	देवजंग शाही	एम.के./वाई.पी.जे.भी. का प्रतिनिधि, भोजपुर	राष्ट्रसेवक कर्मचारीलाई घुस रकम दिई बकपत्र गर्दा अनुसन्धानको क्रममा गरेको कागज व्यहोरालाई अन्यथा हुने गरी प्रतिकूल बकपत्र गरेको	१८,५०,०००	रङ्गेहात
१३५	साउन १२	१३ ०४/०९	नायव सुब्बा बद्रीबहादुर थापा	पचरौता नगरपालिकाका, बारा	महिला विकास सशक्तीकरणको लागि निकासा भएको रकम भुक्तानी दिने प्रकृयाबापत भनी घुस/रिसवत माग	१४,०००	रङ्गेहात
१३६	साउन १०	१० ०४/०९	फोरमेन अविलाल विष्ट	नेपाल विद्युत प्राधिकरण, लगनखेल वितरण केन्द्र, ललितपुर	नयाँ मिटर छिटो जडान गरी दिने प्रयोजनको लागि घुस/रिसवत माग	५,०००	रङ्गेहात
	साउन १०	९ ०४/०९	ई.दिपेन्द्र कुमार देव, धनविर भगत	शिक्षा समन्वय इकाइ, काभ्रेपलाञ्चोक	स्कुल भवनको निर्माण सम्पन्नमा बैंक भौचर	१,५०,०००	रङ्गेहात

			र निरज कुमार चौधरी		मार्फत घुस/रिसवत माग		
१३७	साउन ९	८ ०४/०९	ना.सु. कृष्ण प्रसाद सोती	काठमाडौं महानगरपालिका, सामाजिक विकास विभाग, बबरमहल	सामाजिक विकास विभाग मार्फत कार्यान्वयनमा आएको रकमको कार्य सम्पादन गरी रकम भुक्तानी गरे वापत घुस/रिसवत माग	१,०७,०००	रङ्गेहात
१३८	साउन ८	७ ०४/०६	खरिदार बिनोद प्रसाद यादब र वृज किशोर साह	प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारा	नाला निर्माण कार्य वापतको बिल बमोजिमको रकम सेवाग्राहीलाई भुक्तानी गर्नका लागि प्रकृया अगाडि बढाउन विभिन्न बहाना गरी घुस/रिसवत माग	१५,०००	रङ्गेहात

यसरी चालु आ. व. २०७६/७७ को पहिलो चौमासिक (श्रावण १ गते देखि कार्तिक मसान्त) सम्ममा आयोगबाट जम्मा १३८ वटा मुद्दामा ३१६ जनालाई प्रतिवादी बनाई विषेश अदालत काठमाण्डौमा दायर गरिएको छ ।दायर भएका ती मुद्दाहरुमा आयोगले जम्मा रु १७,९७,०९४, ४७१.५७ (अक्षेरुपी रु १ अर्व उनान्असी करोड सत्तरी लाख चौरान्नव्ये हजार चार सय एकहत्तर) बराबरको बिगो मागदावी लिइएको छ ।गत आ. व. को सोहि अवधिमा आयोगबाट विषेश अदालतमा दायर भएको मुद्दाको १०३ रहेको थियो । यसरी यस अवधिमा आयोगबाट गत आ. व. को सोहि अवधिमा भन्दा ३५ वटा बढि मुद्दा विषेश अदालतमा दायर भएको छ ।

आ.व. २०७६/७७ को श्रावण १ देखि कार्तिक मसान्तसम्म आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन दायर भएका मुद्दाको विवरणहरु

आ. व. २०७६/७७ को पहिलो चार महिनामा आयोगबाट सर्वोच्च अदालतमा ८ वटा मुद्दा पुनरावेदन परेको छ । अघिल्लो आ व को यहि अवधिमा आयोगबाट बाट सम्मानीत सर्वोच्च अदालतका पुनरावेदन भएको मुद्दाको सङ्ख्या १८ वटा रहेको थियो । यस आ. व. को पहिलो चार महिनामा यस आयोगबाट सर्वोच्च अदालतका पुनरावेदन भएको मुद्दाको संक्षिप्त विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

आ.ब.२०७६/०७७ मा पुनरावेदन भएका मुद्दाको विवरण

क्र.सं.	दायरमिति	प्रतिवादीको नाम थर ठेगाना	मुद्दार विषय	आयोगलाई फैसलाको जानकारी मिति
१	२०७६।४।३	इन्द्रप्रसाद ढुंगाना समेत २ जना	गैरकानूनी रुपमा संपत्ति आर्जन गरी भ्रष्टाचार	२०७६।३।१

			गरेको	
२	२०७६।४।१७	कोपिलराजगिरी	घुस रिसवत	२०७६।३।१५
३	२०७६।४।२७	कुमारबहादुर कटुवाल समेत २ जना	गैरकानूनी रुपमा संपत्ति आर्जन गरी भ्रष्टाचार गरेको	२०७६।३।२९
४	२०७६।५।२४	नोर्वुवांगेल लामा समेत ६ जना	विद्यालयको सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको	२०७६।४।२२
५	२०७६।५।२४	लोक बहादुररावल समेत ४ जना	सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको	२०७६।४।२६
६	२०७६।५।२४	गोपलाढुङ्गेल समेत २ जना	भ्रष्टाचार/घुस रिसवत	२०७६।४।२२
७	२०७६।५।२५	होम बहादुरखड्का	नक्कली प्रमाण पत्र	२०७६।४।२३
८	२०७६।६।१०	श्यामसुन्दर यादव	घुस रिसवत	२०७६।५।१२

स्रोत: मुद्दा पुनरावेदन तथा बहस पैरवी महाशाखा

अन्तरक्रिया कार्यक्रमहरु

मकवानपुर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको आयोजनामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी १(एक) दिने अन्तरक्रिया कार्यक्रम मिति २०७६ साल श्रावण २१ गते मकवानपूर जिल्लाको हेटौंडास्थित भुवनेश्वर महादेवको मन्दिरको सभाहलमा सम्पन्न भएको थियो। आयोगको कार्यालय हेटौडाबाट प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मकवानपुर जिल्लाका स्थानीय तहका जनप्रतिनिधिहरुलाई लक्षित गरी सञ्चालन भएको उक्त कार्यक्रममा बोल्दै आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले आयोगको तीन

खम्बे रणनीतिमा जोड दिँदै उजूरी, छानविन तथा तामेली प्रक्रिया व्यवस्थित गर्ने प्रयास भैइरहेको बताउनुभयो



उक्त कार्यक्रममा स्थानीय तहमा कतिपय स्थानमा बुझाईको कारणले समस्या आएको जस्तो देखिएको बताउँदै सुशासनको लागि पारदर्शिता, जवाफदेहीता र सदाचारको आवश्यकता रहेको बताउनुभयो भने अख्तियारको कारणले काम नरोक्न तथा विधिसम्मत कार्यहरु निर्वाध रुपमा अगाडी बढाउन आवश्यक रहेको दर्शाउदै साना-ठूला विषय भनेर आयोगले नछुट्याइ विषयलाई Value तथा महत्वमा हेर्ने गरेको बताउनुभयो । उहाँले भ्रष्टाचारमा कहिँ कतै संलग्न भएको पाइएमा तथा समय व्यतित भैसकेको अवस्थामा समेत अनुसन्धान हुन तथा दोषी देखिएमा कारवाही हुनबाट कोही बच्न नसक्ने भन्दै भ्रष्टाचार नियन्त्रणमा सबैको सहकार्य आवश्यक रहेको बताउनुभएको थियो ।

स्याङ्जा, गोरखा र तनहूँ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रम अन्तरगत स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरु लगायत सरोकारवालाहरुसँग १ दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम स्याङ्जा, गोरखा र तनहूँ जिल्लामा क्रमशः मिति २०७६ साल भदौ २२, भदौ २३ र भदौ २४ मा सम्पन्न भएको छ। आयोगको माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको प्रमुख आतिथित्यतामा सञ्चालन भएको उक्त कार्यक्रम तीनै दिन ती जिल्लाको

सदरमुकाम स्थित जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न भएको थियो। विषेश रुपमा स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरुलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा आयोगको कार्यालय पोखराका कार्यालय प्रमुख काशिराज दाहालको अध्यक्षतामा जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख, आयोगका सह-न्यायधिवक्ता, जिल्ला प्रशासन कार्यालय स्याङजाका प्रमुख जिल्ला अधिकारी, नगरपालिका/गाउँपालिकाका प्रमुख तथा उपप्रमुख विभिन्न न.पा./गा.पा.का वडा अध्यक्षहरु, सुरक्षा निकायका प्रमुख तथा अन्य कार्यालयका प्रमुख/प्रतिनिधीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, स्थानीय पत्रकारहरुका साथै सरोकारवालाहरुको बाक्लो उपस्थिति रहेको थियो।



उक्त जिल्लाहरुमा सञ्चालित उक्त कार्यक्रमको छलफल तथा जिज्ञासा सत्रमा सहभागीहरुले सक्रियता पूर्वक स्थानीय सरकारमा देखिएका भ्रष्टाचार र कार्यसम्पादन सँग सम्बन्धित कानुनी, प्रक्रियागत तथा व्यावाहरिक पक्षहरुको मुद्दा उठाउनु भएको थियो भने कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख र प्रमुख जिल्ला अधिकारीले मन्तव्य राख्नुभएको थियो। कार्यक्रमको अन्तमा प्रमुख अतिथि तथा माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले सहभागीहरुको जिज्ञासालाई सम्वोधन गर्दै भ्रष्टाचारको क्षेत्रभित्र पर्ने सम्पूर्ण गतिविधिहरुलाई अनुसन्धानको दायरामा ल्याई प्रमाणको आधारमा अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने कुरा बताउनु भयो। साथै उहाँले कार्यक्रममा आयोगले आफैभित्रका उच्च पदाधिकारी, राष्ट्रियस्तरका निर्माण व्यवसायी, अन्य प्रशासनिक तथा प्राज्ञिक क्षेत्रका उच्च पदाधिकारी देखि राजनीतिक उच्च पदाधिकारी लाई समेत विपक्षी बनाई मुद्दा दायर गरेको स्मरण गराउँदै आयोगले भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणमा आफ्नो संवैधानिक दायित्व कुनै प्रभाव र दवावमा नपरी स्वतन्त्रता पूर्वक पूरा गर्ने बताउनुभयो ।साथै आयुक्त गुरुङले आफ्नो

निर्देशन मन्तव्यको क्रममा परिवर्तित राज्य संरचनामा स्थानीय, प्रदेश स्तर र केन्द्र गरी तीनै तहको सरकारहरुको एकीकृत प्रयासबाट मात्रै भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापना गर्न सकिने बताउनुभयो । कार्यक्रमा उहाँले हालका दिनमा स्थानीय सरकारसँग सम्बन्धित उजुरीहरुको सङ्ख्या आयोगमा सबैभन्दा धेरै रहेको कुरा बताउँदै स्थानीय पदाधिकारीहरुले प्राप्त अधिकारलाई स्वाच्छाचारी रुपमा नभइ विधि र प्रक्रियाको आधारमा प्रयोग गर्नु पर्ने कुरामा जोड दिनुभएको थियो ।

धादिङ्ग

मिति २०७६।०५।२९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको आयोजनामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी १(एक) दिने अन्तरक्रिया कार्यक्रम धादिङ्ग जिल्लाको धादिङ्ग बेशीमा सम्पन्न भएको छ । आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूको अध्यक्षता र जिल्ला समन्वय समिति धादिङ्गका प्रमुख जगन्नाथ नेपालको प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रममा निलकण्ठ नगरपालिका प्रमुख भीमप्रसाद ढुङ्गाना, धुनीबेंशी नगरपालिका प्रमुख बालकृष्ण आचार्य, जिल्ला समन्वय समितिका उपप्रमुख बिन्दा बरामु नेपाली, आयोगका सहसचिव प्रदिपकुमार कोइराला, आयोगको हेटौंडा कार्यालयका प्रमुख हुमकला पाण्डे, जिल्ला स्थित ११(एघार) वटै गाउँपालिकाका उपाध्यक्षहरु, जिल्लास्थित कार्यालयहरुका प्रमुखहरु, पत्रकार तथा सञ्चारकर्मी लगायत अन्य सरोकारवालाहरु सहित करिव १५०(एक सय पचास) जनाको उपस्थिति रहेको थियो । आयगको प्रवर्धनात्मक रणनीति अन्तरगत संचालित उक्त कार्यक्रममा आयोगका सहसचिव प्रदिपकुमार कोइराला र आयोगको कार्यालय हेटौंडाकी प्रमुख हुमकला पाण्डेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो प्रस्तुती पश्चात भएको छलफल कार्यक्रममा सहभागीहरुले सक्रियताका साथ भ्रष्टाचारका गतिविधिहरु र आयोगको काम कारवाहीको बारेमा जिक्षासा राख्नुभएको थियो ।



कार्यक्रमको मन्तव्य सत्रमा सञ्चारकर्मीको तर्फबाट पत्रकार महासंघ धादिङ्गका अध्यक्षले भ्रष्टाचार नियन्त्रणमा संचारमाध्यमको सकरात्मक भुमिका र हुनुपर्ने बताउनुभयो भने उपप्रमुख तथा उपाध्यक्षको तर्फबाट बोल्दै सिद्धलेक गाउँपालिकाकी उपाध्यक्ष कमला शर्माले भ्रष्टाचार विरुद्ध सहकार्यमा जोड दिनुभयो । प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ्गले अन्य विषयमा असहमति रहेपनि भ्रष्टाचार विरुद्धको अभियानमा एकमत हुनु जरुरी रहेको बताउनुभयो । मन्तव्यकै क्रममा धुनिवेशी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्यले काम गर्नेको मनोवल नगिराउन वेनामी उजुरीलाई व्यवस्थित गरी उजुरीकर्ताको नाम अनिवार्य गर्नुपर्ने बरु उनीहरुको गोप्यता आयोगले कायम गर्नु पर्ने बताउनु भयो । कार्यक्रमका प्रमुख अतिथि जगन्नाथ नेपालले यस्ता कार्यक्रमले सबैलाई सचेत गराउने र भ्रष्टाचार नियन्त्रणमा एकजुट गराउने बताउनुभयो। अन्तमा कार्यक्रमका अध्यक्ष तथा आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले सहभागीहरुको जिज्ञासालाई समेत सम्बोधन गर्दै आयोगको तीन खम्बे रणनीतिमा जोड दिँदै उजूरी, छानविन तथा तामेली प्रक्रिया व्यवस्थित गर्ने प्रयास भैइरहेको बताउनुभयो ।



स्थानीय तहमा कतिपय स्थानमा बुझाईको कारणले समस्या आएको जस्तो देखिएको बताउँदै सुशासनको लागि पारदर्शिता, जवाफदेहीता र सदाचारको आवश्यकता रहेको बताउनुभयो । अख्तियारको कारणले काम नरोक्न तथा विधिसम्मत कार्यहरु निर्वाध रुपमा अगाडी बढाउन आवश्यक रहेको दर्शाउदै साना-ठूला विषय भनेर आयोगले नछुट्याइ विषयलाई Value तथा महत्वमा हेर्ने गरेको बताउनुभयो । भ्रष्टाचारमा कहिँ कतै संलग्न भएको पाइएमा तथा समय व्यतित भैसकेको अवस्थामा समेत अनुसन्धान हुन तथा दोषी देखिएमा कारवाही हुनबाट कोही बच्न नसक्ने भन्दै भ्रष्टाचार नियन्त्रणमा सबैको सहकार्य आवश्यक रहेको बताउनु भयो ।

दोलखा र रामेछाप

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको आयोजनामा दोलखा र रामेछाप जिल्लामा क्रमशः मिति २०७६।०६।०६ र मिति २०७६।०६।०७ गते भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक १(एक) दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूको अध्यक्षता सञ्चालित उक्त कार्यक्रम जिल्ला समन्वय समिति दोलखाको सभाहल तथा जिल्ला प्रशासन कार्यालय रामेछापको सभाहलमा सञ्चालन भएको थियो । स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यू सहित, प्रमुख अतिथि जिल्ला समन्वय समिति दोलखाकी उपप्रमुख मनमाया जिरेल र प्रमुख अतिथि मन्थली नगरपालिका, रामेछापका प्रमुख रमेशकुमार बस्नेत, आयोगका सहसचिव काली प्रसाद पराजुली, आयोगको कार्यालय हेटौंडाकी प्रमुख हुमकला पाण्डे, प्रमुख जिल्ला अधिकारीहरु, जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखहरु, जिल्लाका सम्पूर्ण स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु सहित अन्य कर्मचारीहरु, जिल्ला स्थित विभिन्न कार्यालयका लेखा शाखा तथा योजना शाखाका प्रमुखहरु. जिल्ला सदरमुकामस्थित क्याम्पसका प्रमुख तथा व्यवस्थापन समितिका अध्यक्षहरु, जिल्लामा क्रियाशील सामाजिक अभियन्ता एवम् संचारकर्मी लगायत अन्य सरोकारवालाहरु समेत गरी दोलखा र रामेछापमा क्रमशः

११८(एक सय अठार) र १२२(एक सय बाइस) जना सहभागीहरुको उपस्थिति रहेको थियो ।



आयोगको प्रवर्धनात्मक रणनीति अन्तरगत संचालित उक्त कार्यक्रममा आयोगका सहसचिव काली प्रसाद पराजुली र आयोगको कार्यालय हेटौंडाकी प्रमुख हुमकला पाण्डेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दुवै कार्यपत्रहरुले सुशासनको पक्षमा एवम् भ्रष्टाचारको विरुद्धमा सवै सरोकारवालाहरुको सक्रिय तथा इमान्दार प्रतिवद्धता नै देशमा सुशासन स्थापनाको लागि आवश्यक रहेको कुरामा जोड दिएको थियो । कार्यपत्र प्रस्तुती पश्चात भएको छलफल कार्यक्रममा सहभागीहरुले सक्रियताका साथ भ्रष्टाचारका गतिविधिहरु र आयोगको काम कारवाहीको बारेमा जिज्ञासा राख्नुभएको थियो भने कार्यक्रममा प्रमुख अतिथि तथा प्रमुख जिल्ला अधिकारीहरुले मन्तव्य राख्दै भ्रष्टाचार विरुद्धको अभियानमा ऐक्यबद्धता जनाउनुभएको थियो । अन्तमा कार्यक्रमका अध्यक्ष तथा आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले मन्तव्यको क्रममा आयोगको कार्यक्षेत्र भित्रका अनियमितता र भ्रष्टाचारजन्य गतिविधिमा संलग्न आयोगभित्र वा बाहिर जहाँसुकै तथा जुनसुकै ओहोदामा रहेका पदाधिकारी तथा कर्मचारीलाई कानुनी कारवाहीमा ल्याउने कुरामा आयोग कटिवद्ध रहेको कुरा बताउनुभयो । मन्तव्यकै क्रममा उहाँले प्रवर्धनात्मक, निरोधात्मक र दण्डात्मक गरी तीन खम्बे रणनीतिमा जोड दिँदै त्यसको कार्यान्वयनमा आयोग लागेको बताउँदै अख्तियारले भ्रष्टाचारलाई सानो ठूलो भन्दापनि त्यसले पार्ने असर र प्रभावलाई हेरेर कसैलाई उन्मुक्ति नदिने गरी कार्य गरिरहेको बताउनुभयो ।

उदयपुर

मिति २०७६।०६।१३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासको आयोजनामा "भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन" सम्बन्धी १(एक) दिने अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समिति उदयपुरको सभाहलमा सम्पन्न भएको छ । जिल्ला समन्वय समिति उदयपुरका उप-प्रमुख श्री गंगा राईको स्वागत मन्तव्यसँगै स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई लक्षित गरी सञ्चालित

उक्त कार्यक्रमको अध्यक्षता आयोगको कार्यालय बर्दिवासका प्रमुख (सहसचिव) श्री नारायण प्रसाद सापकोटाज्यूले गर्नुभएको थियो भने उक्त कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति उदयपुरका प्रमुख श्री खड्गबहादुर परियार (दर्नाल), चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख खगेन्द्र राई, प्रमुख जिल्ला अधिकारी श्री ध्रुव बहादुर खड्का, आयोगको कार्यालय बर्दिवासका उप-सचिव हरिप्रसाद घिमिरे, जिल्ला स्थित अन्य स्थानीय तहका प्रमुख तथा उप-प्रमुखहरु, वडाअध्यक्षहरु तथा अन्य सरोकारवालाहरु समेत गरी ८५ (पचासी) जना जना सहभागीहरुको उपस्थिति रहेको थियो।

आयोगको प्रवर्धनात्मक रणनीति अन्तरगत संचालित उक्त कार्यक्रममा आयोगको कार्यालय बर्दिवासका प्रमुखले कार्यपत्र प्रस्तुत गर्नुहुँदै सुशासनको पक्षमा एवम् भ्रष्टाचारको विरुद्धमा सवै सरोकारवालाहरुको सक्रिय तथा इमान्दार प्रतिवद्धता नै देशमा सुशासन स्थापनाको लागि आवश्यक रहेको कुरा बताउनुभयो । कार्यपत्र प्रस्तुती पश्चात भएको छलफल कार्यक्रममा सहभागीहरुले सक्रियताका साथ भ्रष्टाचारका गतिविधिहरु र आयोगको काम कारवाहीको बारेमा जिज्ञासा राख्नुभएको थियो भने प्रमुख अतिथि तथा प्रमुख जिल्ला अधिकारीले मन्तव्य राख्दै भ्रष्टाचार विरुद्धको अभियानमा ऐक्यबद्धता जनाउनुभएको थियो । अन्तमा कार्यक्रमका अध्यक्ष तथा आयोगको कार्यालय बर्दिवासका कार्यालय प्रमुख (सह-सचिव) श्री नारायण प्रसाद सापकोटाले मन्तव्यका क्रममा आयोगको कार्यक्षेत्र भित्रका अनियमितता र भ्रष्टाचारजन्य गतिविधिमा संलग्न आयोगभित्र वा बाहिर जहाँसुकै तथा जुनसुकै ओहोदामा रहेका पदाधिकारी तथा कर्मचारीलाई कानुनी कारवाहीमा ल्याउने कुरामा आयोग कटिवद्ध रहेको कुरा बताउनुभयो । मन्तव्यकै क्रममा उहाँले प्रवर्धनात्मक, निरोधात्मक र दण्डात्मक गरी तीन खम्बे रणनीतिमा जोड दिँदै त्यसको कार्यान्वयनमा आयोग लागेको बताउँदै अख्तियारले भ्रष्टाचारलाई सानो ठूलो भन्दापनि त्यसले पार्ने असर र प्रभावलाई हेरेर कसैलाई उन्मुक्ति नदिने गरी कार्य गरिरहेको बताउनुभयो ।

नवलपरासी र रुपन्देही

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको आयोजनामा नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र रुपन्देही जिल्लामा क्रमशः मिति २०७६।०६।१२ र मिति २०७६।०६।१३ गते भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक १(एक) दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।आयोगका माननीय आयुक्त डा. माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको प्रमुख आतिथ्यता तथा आयोगको कार्यालय, बुटवलका प्रमुख श्री तारानाथ अधिकारीज्यूको अध्यक्षता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा जिल्लाका स्थानीय तहका प्रमुख एवम् अध्यक्षहरु, आयोगका सहसचिव शेरजंग कार्की र प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सरकारी कार्यालयका प्रमुखहरु, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु, आर्थिक प्रशासन शाखाका प्रमुखहरु र प्राविधिक शाखा प्रमुखहरु, जिल्लामा क्रियाशील सामाजिक अभियन्ता एवम् संचारकर्मी लगायत अन्य सरोकारवालाहरु समेत गरी नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र रुपन्देहीमा क्रमशः १२८ (एक सय अठ्ठाइस) र २१० (दुई सय दश) जना सहभागीहरुको उपस्थिति रहेको थियो ।



आयोगको प्रवर्धनात्मक रणनीति अन्तरगत संचालित उक्त कार्यक्रममा आयोगका सहसचिव शेरजंग कार्कीज्यूबाट प्रमुख अतिथी, अतिथी लगायत उपस्थित सम्पुर्णलाई कार्यक्रममा स्वागत गर्दै कार्यक्रमको उद्देश्य तथा औचित्यमाथि प्रकाश पार्दै आयोगको ऐतिहांसिक पृष्ठभूमी, संवैधानिक व्यवस्था, आयोगको सांगठनिक एवं कानूनी संरचना, संस्थागत रणनीति, कार्यहरु, छानविन तथा अनुसन्धान प्रक्रिया, उजुरी दर्ता र फछौंटको प्रवृत्ति र चुनौतिहरु सहितको कार्यपत्र प्रस्तुत गर्नुभयो भने आयोगको कार्यालय बुटवलका उपसचिव रमेश ढकालले अर्को कार्यपत्र मार्फत नेपालमा सुशासनको अवस्था, भ्रष्टाचारजन्य कसूरहरु र सजाय, आयोगको कार्यालय बुटवलका गतिविधिहरु, सुशासन प्रवर्द्धनका लागि चाल्नुपर्ने कदम र कार्यालय प्रमुखहरुको भूमिका र आयोगको अपेक्षा लगायतका विषय सहभागीहरु समक्ष राख्नुभयो। कार्यपत्र प्रस्तुती पश्चात कार्यक्रममा अतिथिहरु प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्थित स्थानीय पदाधिकारीहरुका तर्फबाट एक जनाले मन्तव्य राख्दै भ्रष्टाचार विरुद्धको अभियानमा ऐक्यबद्धता जनाउनुभएको थियो । कार्यक्रमका प्रमुख अतिथी आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले सहभागीबाट उठेका जिज्ञाशाहरुको संवोधन गर्दै भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण भूमिका स्थानीय तह र सरकारी कार्यालयका प्रमुखहरुको रहेको हुंदा सवैले आ-आफ्नो स्थानबाट सक्दो प्रयास गर्दै सेवा प्रवाह गर्दा नैतिकता, सदाचार र निर्भीकताका साथ आम सेवाग्राहीहरुलाई प्रत्याभूत हुने गरी सुशासन कायम गर्न प्रतिवद्ध हुनपर्ने, प्रचलित ऐन, कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने कुरा राख्नुभयो। अन्तमा कार्यक्रमका अध्यक्ष तथा आयोगको कार्यालय, बुटवलका प्रमुख श्री तारानाथ अधिकारीज्यूले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा जिल्ला स्थित सम्पूर्ण स्थानीय तहका प्रमुख, सरकारी कार्यालयका कार्यालय प्रमुखहरुसँग सहकार्यको अपेक्षा गर्दै कार्यक्रम समापन गर्नु भएको थियो।

पाल्पा

मिति २०७६।०७।०५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको आयोजनामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी १(एक) दिने अन्तरक्रिया कार्यक्रम पाल्पा जिल्लाको सदरमुकाम तानसेन स्थित जिल्ला प्रशासन कार्यालय, पाल्पाको सभाहलमा सम्पन्न भएको छ । सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूको प्रमुख आतिथ्यता तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलका प्रमुख तारानाथ अधिकारीज्यूको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा जिल्ला स्थित स्थानीय तहका प्रमुख एवं अध्यक्षहरु, आयोगका सहसचिव काली प्रसाद पराजुली, पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाल, जिल्लास्थित सरकारी कार्यालयहरुका प्रमुखहरु, तानसेन नगरपालिकाका वडाअध्यक्षहरु, सवै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु, योजना तथा आर्थिक प्रशासन शाखा प्रमुखहरु, पत्रकार तथा सञ्चारकर्मीहरु लगायत अन्य सरोकारवालाहरु सहित १११(एक सय एघार) जनाको उपस्थिति रहेको थियो । आयोगको प्रवर्द्धनात्मक रणनीति अन्तरगत संचालित उक्त कार्यक्रममा आयोगका सहसचिव काली प्रसाद पराजुलीले सहभागीहरुलाई कार्यक्रममा स्वागत गर्दै पहिलो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने दोस्रो कार्यपत्र आयोगको कार्यालय बुटवलका तर्फबाट उपसचिव रमेश ढकालले प्रस्तुत गर्नुभएको थियो । दुईवटा कार्यपत्रहरुले समग्रतामा आयोगको ऐतिहासिक पृष्ठभूमी, संवैधानिक, कानुनी तथा संरचनागत व्यवस्था, संस्थागत रणनीति, भ्रष्टाचारजन्य कसुरहरुको बारेमा जानकारी, आयोगको छानवीन तथा अनुसन्धान प्रकृयाहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधिहरु, नेपालमा भ्रष्टाचारको वर्तमान अवस्था, अनुसन्धान तथा छानवीनका क्रममा आइपर्ने समस्याहरु तथा चुनौतीहरु जस्ता विषयवस्तु समेटिएको थियो । कार्यक्रमको मन्तव्य शत्रमा पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले पाल्पा जिल्लामा सुशासन प्रर्वद्धनको लागि सरोकारवालाहरुसँग समय समयमा छलफल तथा सर्वपक्षीय वैठक सञ्चालन हुँदै आइरहेको बताउँदै भ्रष्टाचार नियन्त्रणको कार्यमा आफूहरुले आयोगलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा अतिथिको रुपमा उपस्तथित माथागढी गाउँपालिका, पाल्पाका अध्यक्ष सन्तोष थापाले कहिलेकाही प्रतिशोधको कारणले पनि उजुरी दिँदा विकास निर्माणका कार्यहरुमा बाधा पुग्ने गरेको बताउनु हुँदै आयोगले गर्ने यस्ता कार्यक्रमले सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने महसुश गर्दै कार्यक्रमको सरहना गर्नुभयो भने अतिथि तानसेन नगरपालिकाकी कार्यवाहक प्रमुख लक्ष्मी देवी पाठकले आयोगले भ्रष्टाचार नियन्त्रणमा माथिदेखि तलसम्म निगरानी बढाउनुपर्ने बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूले सहभागीहरुको जिज्ञासालाई समेत सम्बोधन गर्दै आयोगले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा प्रवर्द्धनात्मका, निरोधात्मक तथा दण्डात्मक कार्यहरु गर्दै आइरहेको बताउँदै भ्रष्टाचारलाई समाजको रोगको संज्ञा दिनुभयो । उहाँले स्थानीय तहले सार्वजनिक खरिदका कार्यहरु गर्दा आफै कानून बनाएर होइन की संघीय सार्वजनिक खरिद ऐन अन्तरगत रहेर कार्य गर्न निर्देशन दिनु हुँदै सुशासन प्रवर्द्धनको लागि सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहीता र सदाचारको जस्ता तत्वहरुको आवश्यकता रहेको बताउनुभयो । अन्तमा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलका प्रमुख तारानाथ अधिकारीज्यूले अख्तियारको कारणले काम नरोक्न तथा विधिसम्मत कार्यहरु निर्वाध

रुपमा अगाडी बढाउन आवश्यक रहेको बताउँदै सुशासन प्रवर्द्धनमा पाल्पा जिल्ला स्थीत सम्पूर्ण स्थानीय तहका प्रमुख तथा कार्यालय प्रमुखहरुसँग सहकार्यको अपेक्षा राख्दै कार्यक्रम समापन गर्नुभयो ।

महोत्तरी

मिति २०७६।०७।०५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासको आयोजनामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी १(एक) दिने अन्तरक्रिया कार्यक्रम महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर स्थित जिल्ला समन्वय समिति, महोत्तरीको सभाहलमा सम्पन्न भएको छ । सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहन्यायधिवक्ता दिनेश प्रसाद घिमिरेज्यूको अध्यक्षता र जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेश प्रसाद सिंहको प्रमुख आतिथ्यतामा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई लक्षीत गरी सञ्चालन भएको उक्त कार्यक्रममा जिल्ला स्थित स्थानीय तहका प्रमुख एवं अध्यक्षहरु, आयोगको कार्यालय बर्दिवासका प्रमुख सहसचिव नारायण प्रसाद सापकोटा, प्रमुख जिल्ला अधिकारी सूर्य बहादुर खत्री, विभिन्न स्थानीय तहका वडाअध्यक्षहरु, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु लगायत अन्य सरोकारवालाहरु सहित गरी ११७ (एक सय सत्र) जनाको उपस्थिति रहेको थियो ।



आयोगको प्रवर्धनात्मक रणनीति अन्तरगत संचालित उक्त कार्यक्रममा आयोगको कार्यालय, बर्दिवासका उपसचिव हरि प्रसाद घिमिरेले स्वागत मन्तव्य व्यक्त गर्नुभयो भने आयोगको कार्यालय बर्दिवासका प्रमुख नारायण प्रसाद सापकोटाज्यूले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा सम्पूर्ण सरोकारवालाहरुको सक्रीयता, इमान्दारीता र प्रतिवद्धता आवश्यक रहने निष्कर्ष सहितको भष्टाचार नियन्त्रणमा आयोगको गतिविधिहरु समावेश भएको कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुती पश्चात भएको छलफल कार्यक्रममा सहभागीहरुले सक्रियताका साथ भ्रष्टाचारका गतिविधिहरु र आयोगको काम कारवाहीको बारेमा जिज्ञासा राख्नुभएको थियो भने कार्यक्रममा प्रमुख अतिथि तथा प्रमुख जिल्ला अधिकारीहरुले मन्तव्य राख्दै भ्रष्टाचार विरुद्धको अभियानमा ऐक्यबद्धता जनाउनुभएको थियो । अन्तमा, कार्यक्रमका अध्यक्ष तथा अख्तियार

दुरुपयोग अनुसन्धान आयोग टंगालका सहन्यायधिवक्ता दिनेश प्रसाद घिमिरेज्यूले मन्तव्य राख्दै आयोगको कार्यक्षेत्र भित्रका भ्रष्टाचारजन्य तथा अनियमितताका गतिविधिमा संलग्न आयोग भित्र वा बाहिर जहाँसुकै वा जुनसुकै ओहदाका पदाधिकारी तथा कर्मचारीहरुलाई कानूनी कारवाहीमा ल्याउने कुरामा आयोग कटिवद्ध रहको कुरा बताउनु हुँदै आयोगले आफ्नो संस्थागत रणनीति अनुरुप नै प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक कार्यहरु इमान्दारीका साथ सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

बझाङ्ग, दार्चुला र बैतडी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रवर्धनात्मक रणनीति अन्तरगत आयोगको कार्यालय, कञ्चनपुरको आयोजनामा बझाङ्ग, दार्चुला र बैतडी जिल्लामा क्रमशः मिति २०७६।०७।२२, मिति २०७६।०७।२४ र मिति २०७६।०७।२५ गते "भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । माननीय आयुक्त डा. गणेशराज जोशीज्यूको अध्यक्षता सञ्चालित उक्त कार्यक्रम बझाङ्ग जिल्लास्थित जिल्ला समन्वय समितिको सभाहल, दार्चुला जिल्लास्थित महाकाली नगरपालिकाको सभाहल र बैतडी जिल्लास्थित दशरथचन्द नगरपालिकाको सभाहलमा आयोजना भएको थियो । जिल्ला समन्वय समितिका प्रमुखको प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रमहरुमा स्थानीय निकायका पदाधिकारीहरु, प्रमुख जिल्ला अधिकारी सहित जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरु, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु, सदरमुकामस्थित क्याम्पस/विद्यालयका प्राचार्य/प्रधानाध्यापकहरु तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, सरकारी कार्यालयका लेखा तथा प्राविधिक शाखाका प्रमुखहरु, सामुदायिक वनका अध्यक्षहरु, सामुदायिक वन महासंघका पदाधिकारीहरु र संचारकर्मी लगायत अन्य सरोकारवालाहरु समेत गरी बझाङ्ग, दार्चुला र बैतडी जिल्लामा क्रमशः ११५,१२२ र ११४ जना सहभागीहरुको उपस्थिति रहेको थियो । आयोगको कार्यालय कञ्चनपुरका प्रमुख बाबुराम खतिवडाको स्वागत मन्तव्यसँगै सुरु भएको उक्त कार्यक्रममा आयोगका सहन्यायाधिवक्ता गोपाल प्रसाद रिजालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा सुशासनको पक्षमा एवम् भ्रष्टाचारको विरुद्धमा सबै सरोकारवालाहरुको सक्रिय तथा इमान्दार प्रतिवद्धता नै देशमा सुशासन स्थापनाको लागि आवश्यक रहेको कुरालाई जोड दिइएको थियो । कार्यपत्र प्रस्तुती पश्चात भएको छलफल कार्यक्रममा सहभागीहरुले सक्रियताका साथ आयोगमा परेको उजुरी फछ्यौंटमा आयोगले उल्लेख्य प्रगति हासिल गरेको भएता पनि भ्रष्टाचार नियन्त्रण भई दोषिलाई कारवाही भएको जनताले अनुभूत गर्ने गरी आयोगले काम गर्नुपर्ने, स्थानीय तहको भ्रष्टाचारलाई समयमा नै नियन्त्रण गर्नुपर्ने र अनुसन्धान पद्दतीलाई वैज्ञानिक विधिबाट छिटो छरितो र सरलीकृत रुपमा गर्नुपर्ने भन्ने लगायतका विषयमा सुझाव दिएका थिए भने कार्यक्रममा प्रमुख अतिथि तथा प्रमुख जिल्ला अधिकारीहरुले मन्तव्य राख्दै भ्रष्टाचार विरुद्धको अभियानमा ऐक्यबद्धता जनाउनु भएको थियो । कार्यक्रमको महत्वपूर्ण क्षणको रुपमा आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले जिज्ञासाहरुको सम्बोधन गर्दै मन्तव्यको क्रममा भ्रष्टाचार गर्ने कोही सानो वा ठुलो नहुने भन्दै कसुरदार देखिएका सबैलाई विना भेदभाव आयोगले कारवाहीको दायरामा ल्याएको प्रसंग औल्याउदै उहाँले आयोगको सम्पूर्ण टिम र कर्मचारीहरुले समेत बदनियतपूर्वक काम गरेमा सजायको भागेदार हुने धारणा व्यक्त गर्नुभयो । मन्तव्यकै क्रममा उहाँले कतिपय उजुरीहरु तथ्यहीन र गोलमटोल रुपमा प्राप्त हुने हुदा आयोगलाई अनुसन्धान गर्न कठिनाई परिरहेकाले कहाँ कुन ठाउँमा

को/कसले भ्रष्टाचार गर्यो भन्ने बारेमा तथ्यगत ढंगमा उजुरी दिन वा जानकारी दिन आग्रह गर्दै रंगेहात लगायत भ्रष्टाचारजन्य गम्भिर प्रकृतिका उजुरी/सूचना भए आयोगको हटलाईन १०७ मा सोझै फोन गरी टिपाउन समेत आग्रह गर्नुभयो । यसका साथै उहाँले आयोगको एकल प्रयासले मात्र भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सदाचार कायम गर्न कठिनाई हुने बताउँदै मुलुकमा सुशासन स्थापना हुनुमा सबै अख्तियार प्राप्त अधिकारीहरु, आम संचारजगत, सरकारी एवं गैर सरकारी संघ-संस्थाहरु, नागरिक समाज र सर्वसाधारणहरु समेत सम्पूर्ण सरोकारवालाहरुको सहकार्य हुन अपरिहार्य रहेको बताउदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

ओखलढुङ्गा र सोलुखुम्बु

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको आयोजनामा मिति २०७६/०७/२७ र मिति २०७६/०७/२८ मा क्रमशः जिल्ला समन्वय समितिको सभाहल, ओखलढुङ्गा र सोलुखुम्बुको सदरमुकाम सल्लेरीमा जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। आयोगको कार्यालय इटहरीका प्रमुख सह सचिव श्री चक्रबहादुर बुढाको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रमहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सह सचिव हुमकला पाण्डे, प्रमुख जिल्ला अधिकारीहरु, डिभिजन वन अधिकृतहरु, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरु, संचारकार्मी समेत गरी ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा क्रमशः ११६ र १०४ जना सहभागीहरुको उपस्थिति रहेको थियो

कार्यक्रममा आयोगको कार्यालय इटहरीमा कार्यरत उप सचिव श्री ज्ञानेन्द्र प्रसाद ढकाल र डिभिजन वन कार्यालय सोलुखुम्बुमा कार्यरत सहायक वन अधिकृत डम्बर भण्डारीले छुट्टा छुट्टै विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उप सचिव श्री ज्ञानेन्द्र प्रसाद ढकालको कार्यपत्रमा प्रचलित कानुन अनुसार भ्रष्टाचार जन्य कार्यहरु, आयोगमा पर्ने उजुरीको प्रकृति, आयोगको कार्य प्रणाली, उजुरीका माध्यम जस्ता विषयवस्तुहरु समावेश भएको थियो भने सहायक वन अधिकृत डम्बर भण्डारीको कार्यपत्रले वन उपभोक्ता समूह गठन, सामुदायिक वन दर्ता, वन समूहको लेखा परीक्षण जस्ता विषयहरुमाथि प्रकाश पारेको थियो । कार्यक्रमको छलफल सत्रमा सहभागीहरुले सक्रियताका साथ आयोगको काम कारवाहीका सम्बन्धमा जिज्ञासा राखेका थिए भने कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखहरु तथा प्रमुख जिल्ला अधिकारीहरुले मन्तव्य दिँदै सुशासनको पक्षमा सबै एकठाउँमा उभिनुपर्ने धारणा राखेका थिए। कार्यक्रममा आयोगका सह सचिव हुमकला पाण्डेले वन समूहका पदाधिकारीहरु वन क्षेत्रको रुख कटान र लेखाङ्कन समेत विषयमा अनियमितातामा मुछिने गरेको बताउनु हुँदै वनको संरक्षणमा राष्ट्रिय हित समेत जोडिएकोले सो सम्बन्धमा गम्भिर हुन उहाँले सबैमा आग्रह गर्नु भयो । कार्यक्रममा अन्तमा आयोगको कार्यालय इटहरीका प्रमुख चक्र बहादुर बुढाले भ्रष्टाचार ठहर भएमा व्यक्ति कुनै सार्वजनिक पदमा रहन नपाउने हुँदा यसबारे राष्ट्रसेवक तथा नागरिक सचेत हुनु पर्ने उल्लेख गर्नु भयो । साथै उहाँले सरकारी सम्पत्ति संरक्षण गर्ने, वन पैदावरको कानून अनुसार मात्र वन्य पदार्थ प्रयोग गरी सरकारी सम्पत्तिको संरक्षणमा पारदर्शिता समेत कायम गर्न उहाँले सामुदायिक वनका पदाधिकारीहरु आग्रह गर्नु भयो ।

सूचना संकलन र रंङ्गेहात कारवाही तालिम सम्पन्न

बिराटनगर, मोरङ

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालद्वारा सुचना संकलन र स्टिंग कारवाही सम्बन्धि क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ आयोगका कार्यालयहरु बर्दिवास र ईटहरीलाई लक्षित गरी मिति २०७६/०४/२० देखि मिति २०७६।०४।२० सम्म ५ (पाँच) कार्य दिनको "Intelligence Analysis and Sting Operations" तालिम कार्यक्रम बिराटनगरमा सम्पन्न भएको छ । यस तालिमको उद्घाटन समारोहमा प्रमुख अतिथि अ.दु.अ.आयोग टंगालका श्रीमान सचिव महेश्वर न्यौपानेज्यूले सहभागी प्रशिक्षार्थीहरुलाई निर्देशन दिने क्रममा आयोगले प्रदान गर्ने विभिन्न तालिमहरु मध्ये यो तालिम बिशिष्टिकृत तालिम हो, आयोगमा कार्यरत जनशक्तिहरुलाई क्षमतावान, दक्ष तथा sting Operations कारवाहीलाई प्रभावकारी संचालन, दुरुस्त Documentation तथा दुरुस्त प्रमाण संकलन गर्ने कार्यमा प्रशिक्षण प्रदान गरी कर्मचारीको क्षमतामा अभिवृद्धी गर्नु यस तालिमको प्रमुख उदेश्य रहेको छ । प्रशिक्षार्थीहरुले यसको सम्वेदनशीलता बुझी तालिममा दिईने बिशेष ज्ञान, रंगेहात कारवाही गर्दा अपनाउनु पर्ने सावधानी, कागजात तयार गर्दा उपनाउनु पर्ने सावधनी तथा प्रमाण संकलन गर्दा बिशेष ख्याल गर्नु पर्ने बिषयमा बिशेष जोड दिनु भएको थियो ।त्यसै गरि अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका प्रशासन महाशाखा प्रमुख, सह-सचिव श्रीमान् काली प्रसाद पराजुली ज्यूले तालिम कार्यक्रम बारे प्रकाश पार्नु भएको थियो भने तलिम उद्घाटन कार्यक्रममा आयोगको कार्यालय, ईटहरीका निमित्त कार्यालय प्रमुख उप-सचिव श्री ज्ञानेन्द्र प्रसाद ढकाल ज्यूले यस कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो । ५ दिन सम्म सञ्चालन भएको उक्त कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्र.ना.म.नी. ठाकुर प्रसाद ज्ञवाली ज्यू तथा आयोगका अन्य कर्मचारीहरुको पनि उद्घाटन समारोहमा उपस्थिति रहेको थियो ।

पोखरा, कास्की

आयोगको 'रणनीतिक योजना "२०१४ देखि २०१९" सम्ममा क्षमता विकासलाई उच्च प्राथमिकता दिई आयोगको मानव संशाधन क्षमता विकास गर्ने रणनीति अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल द्वारा सुचना संकलन र स्टिंग कारवाही सम्बन्धि क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ आयोगका कार्यालयहरु पोखरा र हेटौंडालाई लक्षित गरी मिति २०७६/०४/२२ देखि २०७६।०४।२६ गते सम्म ५ (पाँच) कार्य दिनको "Intelligence Analysis and Sting Operations" तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस तालिमको उद्घाटन मिति २०७६।०५।२२ मा प्रमुख अतिथि अ.दु.अ.आयोग टंगालका माननीय आयुक्त डा. सावित्री थापा गुरुङ ज्यूले सहभागी प्रशिक्षार्थीहरुलाई निर्देशन दिँदै आयोगले प्रदान गर्ने विभिन्न तालिमहरु मध्ये यो तालिम बिशिष्टिकृत तालिम हो, आयोगमा कार्यरत जनशक्तिहरुलाई क्षमतावान, दक्ष तथा Sting Operations कारवाहीलाई थप प्रभावकारी रुपमा सञ्चालन हुने विश्वास लिएको बताउँदै गर्नुभएको थियो।

तालिम कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराका ११ (एघार), अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाका १० (दश) र अ.दु.अ.आयोग टंगालका १(एक) गरी जम्मा २२(बाइस) जना प्रशिक्षार्थीको सक्रिय सहभागिता रहेको थियो। यसरी ५ (पाँच) दिन सम्म सञ्चालन भएको समापन कार्यक्रम मिति २०७६।०५।२६ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराका प्रमुख काशिराज दाहालको अध्यक्षता तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको प्रमुख हुमकला पाण्डे र अ.दु.अ.आयोग टंगालका प्रहरी महाशाखा प्रमुख कमल बहादुर जी. टी. को विशेष आतिथित्यतामा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण सँगै भएको थियो ।

सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपूरको आयोजनामा मिति २०७६/०६/१३ गते डडेल्धुरा जिल्लाकोसदरमुकामस्थितजिल्लासमन्वयसमितिकोसभाहलमाअख्तियारदुरुपयोगअनुसन्धानआयोगकोकार्यालयकञ्चनपुरकाप्रहरीनायवउपरिक्षकश्रीप्रेमबहादुरबस्नेतकोअध्यक्षता "सामुदायिकशिक्षाकार्यक्रम" आयोजनाभईउदेश्यअनुरुपसम्पन्नभएकोछ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय नेपालगन्जको आयोजनामा मिति २०७६/०७/२९ गते दाङ्ग जिल्लाको गढवा गाउँपालिका वडा नं. ३ स्थित श्री सरस्वती मा.वि. गढवा दाङ्गका कक्षा ९,१०,११ र १२ का वाद्यार्थीलाई लक्षित गरी सामुदायिक शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नवआगन्तुक कर्मचारीहरुलाई अनुसन्धान सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न

आज मिति २०७६।०७।०१ मा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूको समुपस्थितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नवआगन्तुक कर्मचारीहरुलाई लक्षित गरी मिति २०७६।०६।२८ गते देखि सञ्चालित अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । आयोगमा आउने नयाँ कर्मचारीहरुलाई खास गरी आयोगको कार्य प्रकृति, कर्मचारीहरुले पालना गर्नु पर्ने आचार संहिता तथा अनुशासन, अनुसन्धान, तहकिकात तथा अभियोजन सँग सम्बन्धित विषयवस्तु लगायत अन्य कानूनी पक्षहरुलाई समेत समावेश गरी निरन्तर रुपमा सञ्चालन हुँदै आइरहेको अभिमुखीकरण कार्यक्रम यो पटक पनि अत्यन्तै व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पन्न भएको छ । आयोगका प्रवक्ता प्रदिपकुमार कोइरालाज्यूले सहभागीहरुका तर्फबाट प्राप्त पृष्ठपोषणहरुको बारेमा जानकारी गराउँदै सुरु भएको समापन कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यू सहित माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यू, श्रीमान सचिव महेश्वर न्यौपानेज्यू, महाशाखा प्रमुखज्यूहरु, सम्पूर्ण प्रशिक्षार्थीहरु लगायत तालिम सञ्चालन समूहका सदस्यहरु समेतको सहभागिता रहेको थियो ।

समापन कार्यक्रममा सहभागीहरुको तर्फबाट तालिमको बारेमा धारणा राख्दै शाखा अधिकृत सूजन कुमारी वर्देवाले अभिमुखीकरण तालिमबाट आफूहरु अनुसन्धानका धेरै जस्तो विषयवस्तुहरुको बारेमा सुसूचित भएको बताउनु भयो भने तालिमको व्यवस्थापन पक्ष उत्कृष्ट रहेको धारणा राख्नुभयो । सहभागीहरुको तर्फबाट धारणा पश्चात आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेले बोल्दै सहभागीहरुबाट प्राप्त भएका पृष्ठपोषणहरुलाई आगामी तालिमको संरचना निर्धारण गर्दा समावेश गर्ने बताउनु हुँदै सहभागी प्रशिक्षार्थीहरुको पृष्ठपोषण अनुरुप नै आयोगले पनि आगामी दिनहरुमा सार्वजनिक खरिद, जग्गा प्रशासन, विकास निर्माणमा गुणस्तर जस्ता विषयहरुमा अनुसन्धान गर्न विशिष्टिकृत तालिम सञ्चालन गर्ने योजना रहेको बताउनुभयो भने स्रोत तथा साधनहरु उपलब्ध गराउने विषयमा आयोगले कहिल्यै पनि कञ्जुस्याँई नगर्ने तर कर्मचारीहरुले मर्यादित ढङ्गले समय भित्र त्रुटि रहीत रुपमा कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । सोही कार्यक्रममा आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले कोही पनि व्यक्ति सबै कुरामा जानकार नहुने हुनाले उनीहरुको कार्यसम्पादनमा यस्ता किसिमको तालिम अत्यन्तै उपयोगी हुने बताउँदै तालिममा सिकेका कुरा व्यवहारमा उतार्नुपर्ने भनाइ राख्नुभयो । कार्यक्रमको अन्त्यमा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूले तालिममा सिकेका कुराहरु व्यवहारमा रुपान्तरणको आधारमा मात्र तालिमको प्रभावकारीता मापन गर्न सकिने बताउनु भयो । उहाँले परिवर्तित राज्य संरचनामा स्थानीय सरकार तथा प्रदेश सरकारहरुलाई संविधान तथा संघीय कानूनको परिधिमा रही नीति, ऐन, नियम, कार्यविधि आदि बनाउने अधिकार रहेकाले अबको अनुसन्धान गर्दा ती विषयवस्तुहरुलाई पनि गम्भिर रुपले अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने आवश्यकता रहेको कुरा बताउनु भयो ।

आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण

आर्थिक बर्ष २०७६/७७ को वजेट विनियोजन र पहिलो चार महिनाको खर्चको विवरण देहाय अनुसार छः

बजेट उप-शीर्षक	बार्षिक बजेट विनियोजन रकम रु.	पहिलो त्रैमासिकको खर्च रकम रु.
चालु खर्च (२०६०११३)	५९,९९,३५,०००/	१४,६७,१३,४१६/३१
पुँजीगत खर्च (२०६०११४)	९,३६,४०,०००/	२५,९००/

आर्थिक बर्ष २०७६/७७ को पहिलो चार महिनाको धरौटी र राजश्वको विवरण देहाय अनुसार छः

	पहिलो चार महिनासम्मको जम्मा रकम रु.
धरौटी	**३,०१,९२,७४५/५६**
राजश्व	**३,५७९,३५०/**

उजुरी दर्ता र कारबाहीको विवरण

आर्थिक वर्ष २०७५/७६ बाट जिम्मेवारी सरी आएका ८५५८ र चालु आर्थिक वर्ष २०७६/७७ को कार्तिक मसान्तसम्म ६६४३ वटा नयाँ उजुरी थप दर्ता हुन गई कुल उजुरीको संख्या १५२०१ पुगेको छ । कुल उजुरी मध्ये ५७४३ वटा उजुरी फछ्यौंट भएका छन् । फछ्यौंट भएका उजुरीहरूमध्ये २६४९ तामेलीमा राखिएको, सुझावसहित तामेलीमा राखिएका २५८, कारबाहीका लागि अन्य कार्यालय तथा सम्बन्धित निकायमा पठाएको १८५८ र अन्य उजुरीमा गाभिएका ६२७ छन् भने विस्तृत अनुसन्धानको लागि अनुसन्धान अधिकृत तोकिएका ३५१ रहेका छन् । यस आ.व.को कार्तिक मसान्तसम्म विशेष अदालतमा १३८ वटा मुद्दा दर्ता गरिएका छन् ।

उजुरी दर्ता संख्या			**उजुरी फछ्यौंट संख्या**						
आ.व. ०७५।७६ को जिम्मेवारी सरी आएको संख्या	कार्तिक मसान्तसम्म दर्ता उजुरी संख्या	कार्तिक मसान्तसम्म जम्मा उजुरी संख्या	विस्तृत अनुसन्धानमा गएको	तामेली	सुझाव सहित तामेली	कारबाहीको लागि अन्य कार्यालय/सम्बन्धित निकायमा प्रेषित	अन्य उजुरीमा गाभिएको	कुल फछ्यौंट उजुरी	फछ्यौंट प्रतिसत
८५५८	६६४३	१५२०१	३५१	२६४९	२५८	१८५८	६२७	५७४३	३७.७८